अध्याय - एक

# शोध परिचय

## १. पृष्ठभूमि

भाषिक अभिव्यक्तिमा लेखाइले सचेतता, स्थिरता, शुद्धता तथा परिस्कार ल्याउने गर्दछ । लेखाइ सिप विकासका लागि लेखनसम्बन्धी धेरै कार्यकलापहरू हुन्छन् । प्रारम्भिक कार्यकलापमा हस्तलेखन, अनुलेखन, श्रुतिलेख, श्रुतिरचना, प्रश्नोत्तर लेखन, वस्तु तथा चित्र वर्णन, अनुभव, घटना तथा यात्रा वर्णन, चिठी पत्र वा निवेदन लेखन, दैनिकी लेखन, भाव विस्तार, भाव व्याख्या र प्रसङ्ग व्याख्या रहेका छन् । यसको उत्तरवर्ती कार्यकलापहरू बुँदा टिपोट, संक्षेपीकरण, विस्तृतीकरण, टिप्पणी लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, समीक्षा लेखन, सिर्जनात्मक लेखन र अनुच्छेद लेखन रहेका छन् । निबन्ध लेखनलाई लेखन सिप विकासका महत्त्वपूर्ण तथा प्रभावकारी क्रियाकलाप तथा लेखाइ सिप विकासको आधार भएकाले यसलाई विद्यालय तहको प्राथमिक स्तरदेखि माध्यमिक तहसम्म अनिवार्य पाठ्यांश तथा परीक्षणीय माध्यम बनाउनु पर्दछ ।

परिवर्तन भाषाको जीवन्तताको साक्षी हो, गतिशीलता उसको अग्रगतिको लक्षण हो, स्थितिशीलता भाषाको मृत्युको लक्षण हो । भाषामा कति कुरा घिस्रिदै जान्छन्, कति प्रचलनबाट हराउँछन् र कति थपिदै जान्छन् । विकृत हुनु, भ्रष्ट हुनु भाषाको पतन होइन, त्यो त उत्थानको परिचायक हो । भाषाको उत्पत्ति भएपछि भाषा परिवर्तनको क्रम रोकिएको छैन । परिवर्तनकै क्रममा एउटा भारोपेली खलकका बेगिन्ती भेदहरू भए । भारतइरानेली फाटेर इरानेली, संस्कृत जस्ता हाँगाहरू पलाए । संस्कृतले चोला बदलेर अनेक प्राकृत भाषाहरू भए । प्राकृत पनि स्थिर रहेनन् तिनीहरू भ्रष्ट भएर अनेक आधुनिक भारतीय आर्यभाषाहरूको जन्म भयो । ती आर्यभाषाहरू पनि सबै ठाउँमा एकैनास बोलिन्नन् । हरेकका क्षेत्रीय भेदहरू छन् ।

कुनै पनि भाषाका स्थानीय भेदलाई भाषिका भनिन्छ । भौगोलिक आधारमा एक भाषाका अनेक भाषिका हुन्छन् । भाषिकालाई विभाषा भन्ने गरेको पनि सुनिन्छ । भाषाको भाषिकाभन्दा सानो भेदलाई बोली या उपभाषिका भन्ने चलन छ । भाषिका भनेका एउटै भाषाका केही भिन्नता भएका तर बोधगम्यता हराउँदै गएमा ती भाषाको रूपमा खडा

हुन्छन् । प्राकृत् भनेका संस्कृतका स्थानीय भेद मात्र थिए, कालान्तरमा तिनै स्थानीय भेदहरूबाट भिन्न भाषाहरूको उत्पत्ति भयो । कुनै पनि भाषा भाषिकाहरूमा जीवित हुन्छ किनभने कुनै पनि भाषाको वक्ताले त्यस भाषाको कुनै एक भाषिका बोलिरहेको हुन्छ ।

## १.२ समस्या कथन

अनुसन्धान गर्नका लागि छनोट गरिएको कुनै पनि विषय नै अनुसन्धानको समस्या हो । भाषा विचार विनिमयको प्रभावशाली माध्यम हो । भाषा मानव मात्रको निजी पेवा पनि हो । यो मानवीय उच्चारण अवयवद्वारा उच्चारित वाक्प्रतीकहरूको व्यवस्था पनि हो । संसारमा धेरै भाषाहरू अस्तित्वमा छन् र बोलिन्छन् । ती सबै भाषाहरूमा आ-आफ्नै व्यवस्था हुन्छ । भाषाका दुई रूप हुन्छन् । मौखिक र लिखित मनका अन्तर भावनाहरूलाई ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको माध्यमले अभिव्यक्त भाषा लिखित माध्यम हो । अभिव्यक्तिको प्रौढ र परिपक्व, रूप र मौन रूपमा गुम्सिएर रहेका भावना व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम लेखाइ हो ।

विचार विनिमयको रूपमा रहेको भाषालाई व्यक्तिले आफ्नो घर परिवार र समाजबाट प्राप्त गर्दछ । भाषाको माध्यमबाट नै व्यक्तिले आफूलाई सामाजीकरण गर्न सहयोग पुऱ्याउछ । भाषाको श्रवण र त्यसको अनुकरण अभ्यास द्वारा भाषिक प्रयोग क्षमता क्रमशः उन्नयन र सुधार हुँदै जान्छ । घर परिवारमा आधारभूत भाषिक अवधारणा बनाइसकेको बालकलाई भाषाका समग्र सिप र पक्षमा सबल र सक्षम बनाउन औपचारिक कक्षामा भाषिक शिक्षण गर्न आवश्यक हुन्छ । भाषा आफैँमा व्यवस्थित हुन्छ । सबै भाषामा वर्ण, व्याकरण, शब्द र अर्थका तहमा बेग्लाबेग्लै व्यवस्था हुन्छ । भाषामा उत्पादनशीलता हुन्छ । नयाँ नयाँ किसिमका बेग्ला बेग्लै समय र ठाउँमा बेग्लै किसिमको भाषा प्रयोग गर्दछ । त्यस्तै किसिमसँग मानिसले प्रायः दिनदिनै विभिन्न किसिमका ध्वनि सुन्छ र बुझ्दछ । अतः उसलाई केही पनि कुनै अप्ठ्यारो  पर्दैन । यसरी शैक्षणिक पाठ्यक्रमहरूमा निबन्ध लेखनसम्बन्धी सहर्ष महत्त्व दिईरहेको परिप्रेक्ष्यमा विद्यालय तहमा विशेष गरी निम्नमाध्यमिक तह कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा आधारित भएर अनुसन्धान गरिन्छ ।

प्रस्तुत शोधका समस्याहरू निम्नानुसार देखाइएको छ :

क. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ ?

ख. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ ?

ग. लैंङ्गिक आधारमा उक्त विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्ति निम्नलिखित उद्देश्यहरू रहेका छन :

क. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु ,

ख. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको विश्लेषण गर्नु,

ग. लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको विश्लेषण गर्नु ।

## १.४ शोधको सान्दर्भिकता

शोधपत्रमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्य माथि प्रकाश पार्नु अति आवश्यक हुन्छ । भाषालाई प्रभावकारी र उद्देश्यपूर्ण शिक्षण गर्न त्यसमा आएका समस्याहरूको निराकरण गर्नु आवश्यक हुन्छ । भाषाको प्राचीन रूप कथ्य हो, तापनि शैक्षिक तथा प्रशासनिक कार्यमा भाषाको लेख्य रूपलाई बढी प्राथमिकता दिइन्छ । लेखाइ सिपको विकास गर्न निबन्ध लेखन प्रक्रिया प्रमुख क्रियाकलापको रूपमा रही आएको छ । विद्यार्थीहरूको विकसित लिखित र सङ्ज्ञानात्मक क्षमताको पहिचान गर्ने प्रमुख आधार निबन्ध लेखन क्षमतालाई विशेष जोड दिइएको छ । कुनै आन्तरिक विचार, अध्ययनबाट प्राप्त ज्ञान तथा दृश्यावलोकनका आधारमा तयार पारिएको स्वतन्त्र लेखनका रूपमा निबन्धलाई चिनाउन सकिन्छ । यसमा व्यक्तिका निश्चित विचारलाई प्रकट गरिनुका साथै वस्तुपरक सत्य तथ्यलाई पनि उत्तिकै स्थान दिइन्छ, यिनै आन्तरिक विचार र सत्य तथ्य विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुति निबन्ध लेखनमा पाइन्छ । निबन्ध लेखन क्षमताको अध्ययन औचित्यपूर्ण देखिन्छ । विद्यालय तहका अतिरिक्त उच्च शिक्षामा पनि निबन्ध शिक्षणलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

निबन्ध सिर्जनात्मक लेखनको एउटा महत्त्वपूर्ण गोरेटो भएका कारण यो आफैमा गहन र जटिल विधा हो । सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक विषयवस्तुहरू समावेश गरी अभ्यास गराउने उद्देश्यले नेपाली बिषयका विषयवस्तुहरूमा निबन्ध लेखन प्रक्रियालाई जोड दिइएको पाइन्छ । भाषाका चारवटा सिपमध्ये लेखाइ सिपले लिखित अभिव्यक्ति पक्षलाई अंगाल्दछ । कुनै पनि व्यक्तिले भन्न खोजेको कुराहरू कसरी अभिव्यक्ति गर्दछ भन्ने कुरा लेखाइ सिप परीक्षणबाट मात्रै स्पष्ट हुन्छ । निम्नमाध्यमिक तहका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गरी सोही बमोजिमका क्रियाकलापमा सरलता र सहजता मिल्ने अपेक्षा पनि यस शोध अध्ययनबाट गरिएको छ । त्यसैले समग्रमा भन्नुपर्दा स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको अनुसन्धानको सान्दर्भिक समस्यालाई पृष्ठभूमिमा राखिएको छ, यिनै समस्याहरूको गहन समाधान निकाल्नमा नै प्रस्तुत अध्ययन केन्द्रित रहेको छ जसबाट नै यसको औचित्य झल्किएको छ ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा निम्नलिखित विषय भित्र रहेर अध्ययन अनुसन्धानलाई अगाडि बढाइएको छ :

(क) प्रस्तुत अध्ययन स्याङ्जा जिल्लाका पाँच वटा संस्थागत र पाँच वटा सामुदायिक गरी जम्मा दश वटा विद्यालयमा सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्तर पत्ता लगाउन मात्र केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा छात्र छात्रा विद्यार्थीहरू बिचको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

(घ) अध्ययनको निष्कर्ष आफूले गरेको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा निकालिएको छ ।

(ङ) शोधका लागि सङ्कलित तथ्याङ्कलाई लैङ्गिकताको आधारमा भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिको आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूवकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

# अध्याय - दुई

# सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

भाषा मानवीय वस्तु हो । भाषाको महत्त्वपूर्ण कार्य भनेको विचार आदान प्रदान गर्नु हो । मौखिक र लिखित दुबै ढङ्गबाट विचार साटासाट गरिन्छ । भाषाको मूल रूप मौखिक हो भने शैक्षिक गतिविधि तथा प्रशासनिक कार्यमा भाषाको लिखित स्वरूप उपयोगमा ल्याइन्छ । जुन विषयमा अध्ययन गर्ने उद्देश्य राखिएको हुन्छ, त्यससँग सम्बन्धित विषयमा त्यस अघि भएका अध्ययन अनुसन्धान, लेख रचना, टिपोट जस्ता प्राप्त भएसम्मका सामाग्रीहरूको व्यवस्थित रूपमा अध्ययन गरी कालक्रमिक रूपमा टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । विगतमा भएका त्यस्ता कार्यले शोधार्थीलाई स्पष्ट मार्ग निर्देशनको कार्य गर्दछ । यसले गर्दा अनुसन्धान कार्य गर्न सजिलो हुनुको साथै अध्ययन पनि व्यवस्थित हुन्छ । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पार्न, परिभाषीकरण गर्न, प्राक्कल्पना निर्माण गर्न, सम्भावित त्रुटिहरू हुनबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ । प्रस्तुत शोधकार्य 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकसँग सम्बन्धित पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेको अध्ययन कार्य नयाँ र महत्त्वपूर्ण छ कि छैन भन्ने कुराको बारेमा पनि जानकारी प्राप्त हुने भएकाले पूर्वकार्यको समीक्षा गर्नु आवश्यक देखिन्छ ।

प्रस्तुत शोधकार्य 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानका अध्ययनहरूअनुरूप आधार मात्र त्यति मात्रामा नगरिएको अध्यताहरूको ठहर रहेको छ । लेखाइसँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धानहरू भए पनि अन्य व्यतिरेक, त्रुटि विश्लेषण, चिह्न प्रयोग आदि जस्ता क्षेत्रमा भएको अध्ययन तथा अनुसन्धान सीमित मात्र भएको पाइन्छ । हालसम्म भएका निबन्ध विधा शिक्षण तथा निबन्ध लेखन अभिव्यक्ति

क्षमता जस्ता लेखाइ सिपसँग सम्बन्धित पक्षका बारेमा फाटफुट रूपमा अध्ययन गरिएको पाइन्छ ।

अधिकारी (२०५३) द्वारा **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको अध्ययनका बारेमा कुरा गरिएकाले त्यसमा लेखाइ सिपविकास गर्न जोड दिइएको पाइन्छ । जसअन्तर्गत लेखाइ सिपको महत्त्व, आवश्यकता, औचित्य, लेखाइएको प्रयोजनपरक तह, लेखाइमा पाइने कमीकमजोरी, त्रुटिका क्षेत्रहरू लेखाइ शिक्षणका कार्यकलापहरू, लेखाइको शुद्धीकरण अभ्यासिक र निर्देशित लेखन, लेखन शिक्षणका क्रममा समेत विचार पुऱ्याउनु पर्ने कुराहरूका बारेमा समेत उल्लेख गरिएको पाइन्छ ।

अधिकारी र शर्मा (२०६१) द्वारा लेखिएको **प्रारम्भिक नेपाली शिक्षण** नामक पुस्तक भाषा शिक्षणका सन्दर्भमा उल्लेख्य पुस्तक मानिन्छ । यो पुस्तक खास गरी प्रवीणता प्रमाण पत्र तहको पाठ्यक्रममा आधारित रहेर तयार पारिएको भए पनि नेपाली भाषाको शिक्षण प्रशिक्षणका क्षेत्रमा निर्माण गरिने पाठ्यक्रमहरूका लागि अत्यन्तै उपयोगी पुस्तक रहेको पाइन्छ । नेपाली भाषा शिक्षणसँग सम्बन्धित यस पुस्तकमा लेखाइ शिक्षणअन्तर्गत लेखाइ शिक्षणका कार्यकलाप, निर्देशित, स्वतन्त्र र सृजनात्मक लेखाइ, लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षक आबद्ध गरी लेखाइ शिक्षणसम्बन्धी चर्चा परिचर्चा गरिएको पाइन्छ । यसका साथै उपशीर्षकहरूमा विचारको शृङ्खलाबद्ध प्रस्तुति गर्नु नै प्रबन्ध वा निबन्ध हो भनी परिभाषित गरिएको पाइन्छ । निर्देशित, स्वतन्त्र र सिर्जनात्मक रूपमा वैचारिक प्रस्तुति निबन्धमा गरिने प्रसङ्ग रूप समेत कोट्याइएको छ ।

प्रबन्ध शिक्षणका कार्यकलापहरूअनुरूप प्रस्तुत गर्ने क्रममा मौखिक वर्णन, लिखित वर्णन, बोध प्रश्नोत्तर, चित्र, वस्तु, प्रतिमूर्ति वर्णन जस्ता लेखाइसम्बन्धी अन्य अभ्यासहरूको चर्चा गरिएको छ । प्रबन्धअनुरूप सुनाइ, बोलाइ, पढाइ, लेखाइका साथै शब्दोच्चारण, हिज्जे तथा अन्य भाषिक ज्ञानका लागि उपयोग गर्न सकिने भनी उल्लेख्य गरिएको भए पनि निबन्ध लेखन क्षमतासम्बन्धी कुनै पनि चर्चा गरिएको छैन तर पनि अनुसन्धान अध्ययनका लागि प्रस्तुत सहलेखनबाट प्राप्त पुस्तक अत्यन्तै उपयोगी हुने देखिन्छ । शिक्षणीय प्रयोजनका क्रममा तयार पारिएको भए पनि अनुसन्धानका लागि सामग्री सङ्कलन तथा

व्याख्या विश्लेषणका क्रममा यिनै कुराहरू आधार मान्नुपर्ने हुन्छ । यस पुस्तकमा समाविष्ट सूचनाहरूका आधारमा अनुसन्धान अध्ययन अगाडि बढाउन सकिन्छ ।

निरौला (२०६२) द्वारा **कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्र प्रस्तुत शोधशीर्षकसँग मिल्दो अनुसन्धान अध्ययन हो । यसै शोधका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन विकास साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ र कस्तो खालको विकास हुन्छ भन्ने बारेमा जानकारी दिएको छ । विशेष गरेर लेखाइ सिपसम्बन्धी विकास गर्न यसले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रस्तुत शोध माध्यमिक तहका विद्यार्थीहरूको लेखाइ सिपसँग सम्बन्धित निबन्ध लेखन क्षमता कस्तो रहेको, निबन्ध लेख्दा विभिन्न विद्यार्थीहरूका बिचमा भएको भिन्नता समेत औंल्याइएको पाइन्छ । त्यसका अलावा तिनीहरूमा देखा परेका कमीकमजोरी तथा निराकरणका उपायहरू पनि प्रस्ट रूपमा उल्लेख गरिएको छ । यसरी निबन्ध लेखन अभिव्यक्ति क्षमताले विद्यार्थीहरूको लेखाइ सिपको विकास गर्न सक्दछ भनी भन्न सकिन्छ ।

भण्डारी (२०६३) द्वारा **कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखाइ अभिव्यक्ति क्षमताको अध्ययन** शीर्षकमा तयार गरिएको शोधपत्र प्रस्तुत शोधशीर्षकसँग मिल्दो अनुसन्धान हो । यस शोधपत्रमा विद्यार्थीको निबन्ध लेखन अभिव्यक्ति क्षमताको विकास साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ भन्ने बारे जानकारी दिइएको छ । उक्त शोधको उद्देश्य कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अभिव्यक्ति सामर्थ्यको अध्ययन गर्नु सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु, फरक फरक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, ग्रामीण क्षेत्र र सहरी क्षेत्रका विद्यालयहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु तथा छात्र छात्राहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । उक्त शोधपत्रमा क्षेत्रीय सामग्री सङ्कलन विधिमा केन्द्रित रही काठमाडौं उपत्यका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूका कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन गरिएको छ । यस अध्ययन अनुसन्धानबाट उपत्यकाभित्रका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता समग्रमा सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

दौल्याल (२०६४) द्वारा **कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्र यस अध्ययन अनुसन्धानसँग मिल्दोजुल्दो अध्ययन हो । यस शोधपत्रमा कञ्चनपुर जिल्ला भित्र पर्ने जम्मा आठ वटा विद्यालयहरूबाट १०/१० जनाका दरले जम्मा असी जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू कञ्चनपुर जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र उनीहरूका कमीकमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू पहिल्याउनु रहेको छ । यिनै उद्देश्य प्राप्तिका लागि नमुना सर्वेक्षण विधिअन्तर्गत क्षेत्रीय विधि र प्रयोगात्मक विधिमा केन्द्रित भई अध्ययन विधिहरू उपयोगमा ल्याएको छ । प्रस्तुत अध्ययन अनुसन्धानबाट कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति सन्तोषजनक नरहेको तथ्य निष्कर्ष निकालिएको छ ।

रोकाया (२०६५), द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्र प्रस्तुत अध्ययनसँग मिल्दो शोधपत्र हो । यस शोधपत्रमा काठमाडौं उपत्यकाअन्तर्गत रहेका जम्मा आठ वटा विद्यालयहरूबाट १०/१० जनाका दरले ८० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउन र लैङ्गिक आधारमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउन र लैङ्गिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्ने जस्ता उद्देश्य राखिएका छन् । उद्देश्य परिपूर्ति नमुना सर्वेक्षण विधि र प्रयोगात्मक विधिको प्रयोग गरिएको छ । साथै यस शोध अध्ययनबाट उनले विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको निकालेका छन् ।

घिमिरे (२०६६) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोध प्रस्तुत शोधशीर्षकसँग मिल्दो अध्ययन हो । यस शोधले विद्यार्थीहरूको लेखन सिप विकासको साथै सिर्जनात्मक क्षमता विकास के कसरी गर्न सकिन्छ ? भन्ने बारेमा जानकारी दिएको छ । खासगरी लेखाइ सिपसँग सम्बन्धित सिप विकासमा सहयोग

पुऱ्याउन यसले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रस्तुत शोधका उद्देश्यहरू काठमाडौं जिल्लाका कक्षा नौ मा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउन, छात्र तथा छात्राहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्न तथा निबन्ध लेखनमा देखा परेका कमीकमजोरी औंल्याई निराकरणका लागि आवश्यक सुझावहरू दिनु रहेका छन ।

चापागाई (२०६६) द्वारा तयार गरेको **कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्र प्रस्तुत शोधशीर्षकसँग मिल्दो अनुसन्धान हो । यो शोधपत्र बाग्लुङ र पर्वत जिल्ला भित्र रहेका ग्रामिण क्षेत्र र सहरी क्षेत्रका दश/दश वटा उच्च मा.वि.का १०/१० जना विद्यार्थीहरू जम्मा १०० जना विद्यार्थीहरूमा केन्द्रित रही निबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोधपत्र उद्देश्यहरू नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था परिल्याउनु तथा ग्रामीण र सहरी माध्यमिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ । यस शोधपत्रमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको निष्कर्षमा समग्र बाग्लुङ र पर्वत जिल्लाका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको देखाइएको छ । नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली विमातृभाषीका विद्यार्थीहरूको स्तर कमजोर देखाईएको छ साथै लैङ्गिक आधाारमा हेर्दा छात्रहरूको तुलनामा छात्राहरू निबन्ध लेखन क्षमतामा केही स्तरीय देखाइएको निष्कर्ष उल्लेख छ ।

शर्मा र पौडेल (२०६७) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तक नेपाली भाषाका साथै साहित्य शिक्षणका लागि अति नै उपयोगी भएको मानिन्छ । यसमा पनि भाषिक कलाका विभिन्न रूपहरूको बारेमा चर्चा गरिएको छ । यस किताबमा लेखाइ सिपसँग सम्बन्धित कार्यकलापहरूमा यान्त्रिकता, निर्देशित, स्वतन्त्र तथा सिर्जनात्मक जस्ता निबन्ध लेखन अभिव्यक्ति क्षमतासम्बन्धी अध्ययनहरू भएको पाइन्छ । यसमा निबन्ध शिक्षण शीर्षक भित्र निबन्ध शिक्षणको प्रयोजन, प्रक्रिया, शिक्षणक्रम आदि जस्ता उपशीर्षकहरूमा निबन्ध विधारूप समेटिएको पाइन्छ । निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो भन्दै यसको शिक्षणका क्रममा प्रचलित विधिहरू प्रवचन विधि, छलफल तथा प्रश्नोत्तर विधि, सूत्र विधि, स्वाध्ययन र मन्त्रणा विधि, समीक्षा विधि, पठनबोध

विधि तथा प्रस्तुतीकरण जस्ता विधिहरूको चर्चा गरिएको छ । यसका साथै प्रस्तावना, वाचन, कठिनाई निवारण, व्याख्याको अनुक्रममा शिक्षणीय क्रमरूप अवलम्वन गर्न सकिन्छ ।

धमला (२०६८) द्वारा **ललितपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्रका उद्देश्यहरू ललितपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, उक्त विद्यार्थीका विभिन्न पृष्ठभूमिका आधारमा निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, विद्यार्थीमा देखिएका कमीकमजोरी पहिचान गरी निराकरण गर्नु रहेका छन् । क्षेत्रीय अध्ययन पद्धतिद्वारा नमुनाका रूपमा ललितपुर जिल्लाका ८० जना विद्यार्थीहरू रहेका छन् । उक्त अध्ययनको निष्कर्षमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सामान्य देखिन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ । त्यसै गरी मातृभाषी विद्यार्थीको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ भने दोस्रो भाषी विद्यार्थीको निबन्ध क्षमता सामान्य देखिन्छ । लैङ्गिकताको आधारमा छात्रभन्दा छात्राहरू कमजोर रहेको निष्कर्ष पाइन्छ । अनुसन्धान क्रममा देखिएका कमीकमजोरी निराकरणका लागि आठ वटा सुझावहरू प्रस्तुत गरिएका छन् ।

दुलाल (२०६८) द्वारा **रामेछाप जिल्लाका सामुदायिक विद्यालयमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्रमा क्षेत्रीय अध्ययन विधिद्वारा रामेछाप जिल्लाका छ वटा गा.वि.स.का २ सहरी र ४ ग्रामीण गरी जम्मा छ वटा विद्यालयका जममा १५/१५ जनाका दरले कक्षा दशमा अध्ययनरत ९० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । लैङगिकता र भाषिक पृष्ठभूमि आधारमा तयार पारिएको यस शोध अध्ययनमा समग्र विद्यार्थीले देखाएको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ ।

यसरी प्रस्तुत रूपमा विभिन्न पाठ्यपुस्तकका अतिरिक्त केही शोधपत्रमा निबन्ध लेखन क्षमताको अध्ययन भए पनि यो अध्ययन पहिलो भएको अध्येताको ठहर छ ।

गौतम (२०६८) द्वारा **सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रका

अध्ययनका उद्देश्यहरू सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति गर्नु, छात्र र छात्राको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, उनीहरूका कमीकमजोरी पत्ता लगाई निराकरणका लागि सुझाव दिनु रहेका छन् । प्रस्तुत शोधमा सिन्धुली जिल्लाको २ सामुदायिक र २ संस्थागत गरी ४ विद्यालयका २० जनाका दरले ८० जना विद्यार्थी रहेका छन् । विद्यार्थीलाई दिईएको शीर्षकको परीक्षण पश्चात् नतिजाको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको, दोस्रो भाषी विद्यार्थीको निबन्ध लेखन क्षमता बढी रहेको छात्राको तुलनामा छात्रको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष पाइन्छ । यस अनुसन्धानका क्रममा देखिएका कमीकमजोरी निराकरणका लागि बुँदागत रूपमा चौध वटा सुझावहरू प्रस्तुत गरिएका छन् ।

पाण्डेय (२०६८) द्वारा **उच्च मा.वि. कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन नामक** शीर्षकमा अध्ययन गरिएको पाइन्छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू उच्च मा.वि. कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी नेपाली र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउन स्थानीयताका आधारमा ग्रामीण र सहरी परिवेशका उच्च मा.वि. (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा छात्र र छात्राको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूमा निबन्ध लेखनसम्बन्धी के कस्ता कमीकमजोरीहरू छन् पहिचान गर्नु, उक्त कमीकमजोरीहरू निराकरणार्थ आवश्यक सुझाव दिनु रहेका छन् । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा नमुनाका रूपमा रुपन्देही जिल्लाभित्रका ग्रामीण परिवेशका र बुटवल नगरपालिकाभित्रका आठ वटा उ.मा.वि. बाट १०/१० जनाका दरले ८० जना विद्यार्थीहरूका रहेका छन् । विद्यार्थीहरूलाई दिइएको शीर्षकको परीक्षण पश्चात् नतिजाको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधमा मातृभाषी विद्यार्थीको तुलनामा दोस्रो भाषी विद्यार्थीको निबन्ध लेखन क्षमता उच्च रहेको छात्रका

तुलनामा छात्राको निबन्ध लेखन क्षमता उच्च रहेको, ग्रामीण परिवेशका विद्यार्थीको तुलनामा सहरी परिवेशका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको निष्कर्ष पाइन्छ ।

अनुसन्धानका क्रममा देखिएका कमीकमजोरीको निराकरणका लागि बुदाँगत रूपमा अठार वटा सुझावहरू प्रस्तुत गरिएका छन् ।

## २.२ पूर्वकार्यको पुनरावलोकनको महत्त्व

अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकन अत्यन्त महत्त्वपूर्ण हुन्छ । अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन र नयाँ सिद्धान्तको खोजी गर्न आवश्यक हुन्छ । अनुसन्धानको ढाँचा निर्धारण, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न पूर्वकार्यको अध्ययनले मद्दत गर्दछ । पहिले भएका अध्ययनहरूको विश्लेषण र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पहिल्याउन यसको ठूलो भूमिका हुन्छ । पूर्वकार्यका अनुभवहरूले वर्तमानमा गर्न लागेको कार्यलाई अगाडि बढाउन सहयोग गर्दछ । पूर्वकार्यको पुनरावलोकनले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पार्न, परिभाषीकरण गर्न, प्राक्कल्पना निर्माण गर्न मद्दत गर्छ । यसका साथै सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न र शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ । प्रस्तुत शोधकार्य स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेको अध्ययन कार्य नयाँ र महत्त्वपूर्ण छ कि छैन भन्ने कुराको बारेमा पनि जानकारी प्राप्त हुने भएकाले पूर्वकार्यको समीक्षा गर्नु आवश्यक देखिन्छ ।

वर्तमानले भविष्यको सङ्केत गरे जस्तै पूवकार्यले वर्तमान अनुसन्धानलाई आफ्नो गन्तव्य पहिचान गर्न सरल र सहज बनाउँछ । अहिले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सोही बमोजिम अगाडि बढाउँन पूर्वकार्यको पुनरावलोकनको महत्त्व हुन्छ ।

## २.३ निबन्धको परिचय

मानवीय विचार विनिमयको प्रमुख साधन भाषा हो । मानव विकाससँगै भाषाको पनि क्रमिक विकास भएको पाइन्छ । सुरुमा कथ्य रूपमा रहेको भाषा नै पछि आएर लिपिवद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो । भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न थालेपछि यसका प्रमुख दुई भेद देखिन थाले । छन्द शास्त्रीय नियमअनुसार छन्दमा बाँधिएको भाषाको साहित्यिक स्वरूपलाई पद्य र छन्दमुक्त भाषिक स्वरूपलाई गद्य भन्न थालियो । लेख्य भाषाका प्रमुख भेदहरूमध्ये निबन्ध गद्य भाषामा लेखिने, आस्वादनका दृष्टिले साहित्यको भेदअन्तर्गत पर्ने आधुनिक साहित्यको जल्दो बल्दो विधा हो । निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्म र वस्तु दुबै वा कुनै एक पक्षमा केन्द्रित तथा सुरुमा आभ्यासिक र पछि गएर स्वतस्फूर्त हुन सक्ने रमाइलो र छोटो गद्य विधा हो । गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सिर्जित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध एउटा छुट्टै विधाका रूपमा सिर्जना हुन थाल्यो । यस कारण विश्व साहित्यमा निबन्ध कनिष्ठतम विधा हो (सुवेदी, २०५६: १) । त्यसैको परिमाण स्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्यको कान्छो विधाका रूपमा देखा परेको छ ।

मानिस चिन्तनशील प्राणी हो । उसँग अथाह ज्ञानराशि छ । वर्तमान जीवन भोगाइका तितामिठा पक्षहरू उसको आँखा सामुन्ने हुन्छन् । यस्तै अगाध ज्ञानराशिबाट एक पक्षको सानो बिन्दु टिपेर निबन्ध लेखनको थालनी हुन्छ । त्यसको भेउ नदिएर सानो लेखाजोखा मात्र निबन्धले गर्छ । यसरी सीमित घेराभित्र रहेर असीमित विचार चिहाउने र लगभग आधा घण्टाको एक बसाइँमा पढी सकिने गद्यमय अभिव्यक्तिले निबन्धको नाम लिन पुग्छ ।

मानिसका मनमा नानाथरी कुराहरू व्यक्त अव्यक्त भएर रहेका हुन्छन् । सबैबाट यस्ता सोचाइ बाहिर निस्कन सक्दैनन् मानवमा अनुभूतिको स्तर समान जस्तै देखिए पनि अध्ययन र साधनाको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ । निबन्ध लेखन पनि एउटा कला हो । यसले साधना र अभ्यासले कलामा निखार ल्याउँछ । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्वता आउँछ । अभिव्यक्तिको सिपमा जति परिपक्वता आयो निबन्ध पनि

त्यत्तिकै प्रौढ बन्न सक्छ । हुन पनि जलाशयमा जत्रो भाँडो डुबायो त्यति मात्र पानी निकाल्न सकिन्छ । भाषिक सिप र प्रस्तुति सामर्थ्यले निबन्धमा पनि त्यस्तै काम गरेको हुन्छ । अनुभूति जतिसुकै तीब्र किन नहोस् अभ्यास नभएमा त्यसले विकसित रूप लिन सक्दैन । त्यसैले निरन्तर अभ्यास र साधनाबिना निबन्ध लेखन क्षमतामा अधुरोपना आउन सक्छ ।

निबन्ध अन्य विधाहरूको माझ पनि आफ्नो छुट्टै अस्तित्व कायम गर्न सफल छ । यसरी काव्यकारिता, नाटकीयता र कथाकारिताको धेरैथोरै प्रभाव पनि निबन्धले ग्रहण गरेको हुन्छ । महाकवि देवकोटाका निबन्धमा कविताको गन्ध आउँछ भने समका निबन्धहरू नाटकीय प्रभावबाट मुक्त हुन सकेका छैनन् । यसरी कथा, कविता, नाटक र उपन्यासका छेउछाउ घुमे पनि निबन्ध आखिर निबन्ध नै हो ।

निबन्धले आफ्नो क्षेत्रभित्र हास्यव्यङ्ग्यलाई पनि समावेश गराएको छ । हास्यव्यङ्ग्यको समावेश अन्य विधाहरूमा पनि गरिन्छ तर हास्यव्यङ्ग्यको मूल क्रीडाक्षेत्र निबन्ध नै हो । यसरी निबन्ध विधाले छुट्टै पहिचान कायम गरेको छ । छोटकरीमा निबन्ध विधालाई निम्नानुसार चिन्न सकिन्छ । यस प्रकार वास्तविक र काल्पनिक विषयवस्तुमा केन्द्रित भएको छोटो, छरितो पोटिलो, सुगठित र आलङ्कारिक भाषाशैलीयुक्त छोटा अनुच्छेदहरूमा विभक्त हार्दिक अनुभूतीको रागात्मक पोखाइ भएको ललित, गद्य बन्धनमा संरचित, साहित्यिक रचना नै निबन्ध हो ।

## २.४ भाषा पाठ्यक्रम भाषा पाठ्यपुस्तक र लेखाइ सिप

### २.४.१ भाषा पाठ्यक्रम

भाषा मानविय वस्तु हो । मान्छेका मनमा लागेका कुराहरूको आदान-प्रदान तथा सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम भाषा हो । समुदायमा सम्पूर्ण ज्ञान, विज्ञान तथा क्रियाकलापहरू भाषाको माध्यमबाट चलिरहेका हुन्छन् । विद्यार्थीहरूमा भाषिक सिपविकासका निमित्त भाषा पाठ्यक्रमको आवश्यकता पर्छ । भाषापाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्ग दर्शकको काम गरेको हुन्छ । भाषिक सिपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जनका निमित्त गरिने सम्पूर्ण प्रयास भाषा पाठ्यक्रम

अन्तर्गत पर्दछन् । वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्ग दर्शक हो । अरू पाठ्यक्रम जस्तै भाषा पाठ्यक्रमले पनि विद्यालय भित्र र बाहिर विद्यार्थीहरूले गर्ने सम्पूर्ण अनुभवलाई समेट्दछ । भाषिक सिपसँग सम्बन्धित बोधअन्तर्गत श्रुति र पठन जस्ता अभिव्यक्ति अन्तर्गत बोलाइ र लेखाइ सिपहरू पर्छन् । कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न वा लक्षित भाषाका सिप र समझहरू स्तरअनुकुल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम भाषा पाठ्यक्रम हो (शर्मा र पौडेल; २०६० : ३३३) ।

### २.४.२ भाषा पाठ्यपुस्तक

जुनसुकै शिक्षण व्यवस्थामा पनि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण क्रियाकलाप पाठ्यपुस्तकमै केन्द्रित हुन्छ । पाठ्यपुस्तक शिक्षक विद्यार्थी दुवैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यार्थी  र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्य पुस्तकले गर्छ । पाठ्यपुस्तकले विद्यार्थीहरूलाई गृहकार्य पुनरावृत्ति र अभ्यास गर्न सहयोग गर्दछ । पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने 'मुद्रित शिक्षक' समेत भनिन्छ (अधिकारी र शर्मा; २०६१ : २४) ।

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप लेखिएका हुन्छन् । भाषा पाठ्यपुस्तक पनि तह र कक्षाको भाषा पाठ्यक्रमअनुरूप तयार पारिएको हुन्छ । भाषा शिक्षण सिकाइको महत्वपूर्ण र आधिकारिक सामग्री पाठ्यपुस्तक हो । भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्यपुस्तक त्यसैको व्यवहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सघाउने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षका साथै उनीहरूको रूचि तथा आवश्यकतालाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार पारिएको हुन्छ । भाषा पाठ्यपुस्तक मूलतः भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा केन्द्रित हुन्छ । अन्य पाठ्यपुस्तकहरूमा भाषा साधन र विषयवस्तु साध्य हुन्छ भने भाषा पाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुवै हुन्छ । यसको अर्थ भाषा पाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रूपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

### २.४.३ लेखाइ सिप

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका सिप हुन् । आफ्ना मन मस्तिष्कमा रहेका भाव एवम् विचारलाई लिपि चिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लिपि चिह्न, लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ सिप उपयोगी हुन्छ । व्याख्या, कथा लेखन, कविता लेखन, प्रतिवेदन लेखन, चित्र वर्णन, अनुलेखन, श्रुति लेखन चिठी लेखन, निबन्ध लेखन जस्ता लेखन कलासँग सम्बन्धित कार्यकलापहरू विद्यार्थीहरूमा लेखन सिप विकास गराउनका लागि गराइन्छन् । भाषिक संरचना तथा शब्द भण्डारको ज्ञान हुनु लेखाइ सिप विकासको महत्त्वपूर्ण कुरा हो ।

भाषाका चारै सिपहरू एक आपसमा सम्बन्धित छन् । यिनीहरूको आ- आफ्नै महत्त्व रहेको हुन्छ । मूलतः लेखाइ कला मार्फत् आफूले आर्जेका ज्ञान तथा अनुभवहरूलाई भविष्यका लागि सञ्चित गर्न सकिने हुँदा यस अर्थमा  सुनाइ, बोलाइ र पढाइ सिपभन्दा लेखाइ सिपको अझ महत्त्व रहेको छ भन्न सकिन्छ ।

निबन्ध लेखनमा विभिन्न विषयवस्तुलाई शीर्षक बनाएर उल्लेख गर्न सकिन्छ । कुनै पनि सन्दर्भ वस्तु तथा चित्र वर्णन, अनुभव, घटना, यात्रा वर्णन, मनोवाद लेखन, चिठी तथा निवेदन लेखन विविध पक्षहरुको लेखन विकासमा समेत निबन्ध लेखनले सहयोगी र सकारात्मक भूमिका निर्वाह गर्न सक्छ । विद्यार्थीहरूमा सिर्जनात्मक तथा कल्पनात्मक क्षमताको विकास गराउन पनि निबन्ध लेखन सहयोगी हुन्छ प्रभावमयता आकर्षण शैली तथा शिल्पगत विशिष्टीकरण जस्ता सबल सिपलाई यस लेखनले सहायता पुऱ्याउदै लेखाइ सिपमा प्रौढता प्रदान गर्दछ । लिपि चिह्नरुको प्रयोग हिज्जे, व्याकरण, अनुच्छेदवद्धता विषयवस्तुको वोध र प्रष्ट्याई जस्ता पक्षहरूमा पनि निबन्ध लेखनले भाषिक ज्ञान प्रदान गर्छ । लेखाइ सिपका उद्देश्यमा हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न, लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न, शब्द वाक्य र पाठका अंशहरू सुनेर लेख्न सक्नेछन् । आफूले देखेका, बुझेका वस्तु तथा घटनाहरूको लिखित वर्णन गर्ने रहेका छन् ।

### २.४.४ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

आफ्ना अनुभव एवम् विचारलाई लिपिवद्ध गर्नु लेखाइ हो । लिपि चिह्न लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्नो विचार कसरी अभिव्यक्त गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षणलाई लेखाइ शिक्षण भनिन्छ । लेखाइ अभिव्यक्तिको विशिष्ट सिप हो । आफ्ना अनुभव एवम् विचारलाई विस्तृत परिवेश दिँदै प्रस्तुत गर्न र आफ्ना अभिव्यक्तिहरूलाई पछिसम्म उपयोगी हुनसक्ने बनाउन लेखाइको आवश्यकता पर्दछ । लेखाइ क्षमताको विकास गराउन विद्यार्थीहरूलाई लेख्य भाषामा प्रयुक्त लिपिवद्ध र तिनीहरूको उच्चार्य स्वरूपसँग परिचित गराउनका साथै ती चिह्नहरू लेख्ने अभ्यास गराउनु पर्दछ । यसरी विद्यार्थीहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथसाथै लिखित भाषाको अभिव्यक्ति तहगत र स्तरीयताका आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । आफूले आर्जेका सामाजिक, सांस्कृतिक आदि पक्षका ज्ञान तथा अनुभवहरूको विवरण अरु समक्ष प्रस्तुत गरी उनीहरूलाई फाइदा पु¥याउन र अरुले त्यसरी प्रस्तुत गरेको विवरणबाट आफूले पनि फाइदा लिन लेखन कला उपयोगी हुन्छ । यसलाई अझ उपयोगी बनाउन लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

सिर्जनात्मक शक्तिको विकास गराउन तथा लेखनमा गति, क्रमवद्धता र संक्षिप्तता ल्याउन पनि लेखाइ शिक्षणको महत्वपूर्ण भूमिका रहन्छ । विभिन्न विषय, अभिव्यक्तिअनुसार भाषिक शैलीको चयन गर्ने क्षमता विकास गराउनका साथै हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सिपको विकास गर्न लेखाइ शिक्षण उपयोगी हुन्छ । सफा अक्षरमा लेखन, व्याकरण सम्मत भाषाको प्रयोग गर्ने क्षमता बढाउन लेखाइ शिक्षण महत्त्वपूर्ण हुन्छ ।

लेखन कला आफैँमा शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग हो । सम्पूर्ण कक्षा कार्यकलापहरू लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् । प्राथमिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सिपसँग सोझो सम्बन्ध राख्दछ । लेखन कलामा कमजोर हुँदा कुनै पनि तह पुरा गर्न समस्या पर्न सक्छ । त्यसैले यस्तो नहोस् भन्नका लागि विद्यार्थीहरूमा लेखन क्षमता बढाउँदै लैजानु अत्यावश्यक भईसकेको छ । लेखन क्षमताको विकास गर्दै लैजान लेखाइ शिक्षणले पृथक-पृथक तहमा आ-आफ्नै महत्त्व राख्दछ । यसरी विद्यार्थीहरूमा लेखन कलाको विकास गर्दै लैजान आवश्यक हुन्छ ।

### २.४.५ लेखाइ सिपको विकासमा निबन्ध लेखनको स्थान

भाषाका दुई रूप लिखित र मौखिक हुन्छन् । मनका अन्तर्भावनाहरू ध्वन्यात्मक सङ्केतमा अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ । ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्छ । लेखाइ शाश्वत र सार्वभौम हुन्छ । भाव प्रकाशनको माध्यम लेखाइ सिपबाट विषयवस्तुलाई छान्ने त्यसै अनुरूप वाक्य संरचना तथा शब्दावलीको छनोट गर्ने क्षमता विकास हुन्छ । विद्यार्थीहरूमा लेखन कलालाई परिष्कृत, परिमार्जित र विकसित गर्दै लैजान विभिन्न विधाहरूको लेखन अभ्यासले सहयोग प्राप्त गर्दछ । त्यसैले प्रारम्भिक तहदेखि चित्र वर्णन, यात्रा वर्णन, अनुलेखन श्रुति लेखन, निवेदन लेखन जस्ता विभिन्न लेखन कलासँग सम्बन्धित क्रियाकलाप गराएर विद्यार्थीहरूमा लेखन क्षमता बढाउन प्रयत्न गरिन्छ । तहगत आधारमा दैनिकी लेखन बुँदा टिपोट, भाव विस्तार, सारांश लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन लगायत अन्य सिर्जनात्मक, निर्देशित तथा आभ्यासिक लेखन कार्यमा लगाएर विद्यार्थीहरूको लेखन क्षमतामा विस्तार गर्दै लैजाने प्रयास गरिन्छ ।

निबन्ध लेखन कलाको महत्वपूर्ण कार्यकलाप हो । यसबाट स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यासहरू गराउन सकिन्छ । बालबालिकालाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषयमा छोटो निबन्ध लेख्न लगाई लेखन सिप विकास गर्ने प्रयत्न गरिन्छ । प्राथमिक, निम्नमाध्यमिक, तथा माध्यमिक पाठ्यक्रमका अतिरिक्त विश्वविद्यालय अन्तर्गत पनि निबन्ध लेखनसम्बन्धी अभ्यासहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । यस कुराले पनि लेखन कलाको क्षमता बढाउन निबन्ध लेखन उत्कृष्ट कार्यकलाप हो भन्न सकिन्छ । निबन्ध लेखनमा वर्णविन्यासगत, व्याकरणगत, शब्दभण्डार, चिह्न प्रयोग, वाक्यगठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण धारणात्मक, प्रयोगात्मक र संज्ञानात्मक सिप विकास गराउन लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सिपको विकासमा निबन्ध लेखनको स्थान महत्त्वपूर्ण सावित हुन्छ ।

### २.४.६ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन

निबन्ध शिक्षणको मुख्य उद्देश्य निबन्धका सिप हासिल गर्नु हो । आ-आफ्ना वस्तु तथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वोपर क्रम मिलाई शृङ्खलावद्ध रूपमा प्रस्तुत गर्ने सिप आर्जन गर्नु हो ( शर्मा र पौड्याल, २०६१: १२८) । विद्यार्थीहरूलाई आफूले देखेका, अनुभव गरेका र पढेका कुराहरू सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सिकाउनु नै निबन्ध लेखनको मुख्य उद्देश्य हो । निबन्ध विधा साहित्यका अन्य विधाहरूभन्दा प्रौढ खँदिलो तथा बौद्धिक अभिव्यक्ति हो । निबन्ध विधालाई भाषा तथा साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि प्रयोग गर्न सकिन्छ । खास गरी साहित्यिक विधाका रूपमा यसको शिक्षणका मुख्य प्रयोजनहरू निम्नानुसार छन् ।

निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखन कलाको समुचति विकास गर्नु हो ।  स्वतन्त्र लेखनको सुसङ्गठित रूप पहिचान र अवलम्बन गर्न सिकाउनु, स्वतन्त्र विचार प्रकट गर्ने क्षमताको विकास गर्नु, स्थान र प्रसङ्गअनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम तुल्याउनु, स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु, बोध र अभिव्यक्तिको विकासका अलावा कुनै विस्तारित सामग्रीहरूलाई संक्षेपमा अभिव्यक्ति गर्ने सिपको विकास गराउनु, साहित्यप्रति अनुराग बढाउन साहित्यिक सिर्जना गर्नेतर्फ अभिप्रेरणा जगाउनुका साथै साहित्यिक सर्जकहरूका रचनाका आधारमा समीक्षात्मक तथा विश्लेषणात्मक रूपमा पहिचान गर्ने क्षमताको विकास गराउनु हो यसरी माथि उल्लेखित प्रयोजन बाहेक शिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि सोझो सम्बन्ध  राख्दछ । समग्रमा विद्यार्थीहरूमा लेखाइ सिपको विकास गराउन निबन्ध शिक्षणको प्रमुख भूमिका रहन्छ भन्दा अन्याय हुँदैन ।

### २.४.७ निम्नमाध्यमिक तहको पाठ्यक्रममा निबन्ध विधाको स्थान र शिक्षणप्रक्रिया

निबन्ध वैचारिक स्वतन्त्रतालाई र तत्कालिन अभिव्यक्तिलाई सुपठित बनाएर प्रकाशमा ल्याउने विधा हो । निबन्धमा गहिरो अभिव्यजना, कलात्मक प्रवाह र गद्यको सुललित रूपमा कथ्य प्रतिपादित हुने हुँदा भाषाले आफ्नो छुट्टै अवस्था प्राप्त गर्नु  पर्दछ । निबन्ध स्वतन्त्र विचार प्रकाशनबाट जन्मिने रचना विशेष हो । यस रचनामा लेखकले समाजमा विभिन्न पक्षमा हुने र देखिने विकृतिहरूको आलोचना, तिनको अवस्थामा आउन

सक्ने सुधारको सन्देश, निर्माणात्मक प्रतिस्थापन मूल्य एवम् मान्यताको प्रस्तुति गर्न खोजेको हुन्छ (सुवेदी; २०५८ : ३०) ।

वर्तमान निम्नमाध्यमिक पाठ्यक्रममा निबन्ध विधाको प्रक्रियालाई छुट्टै स्थान दिइएको छ । निबन्ध विधाले स्वतन्त्र विधाको रूपमा छुट्टै स्थान पाएको छ । खास गरी निम्नमाध्यमकि तह भन्नाले कक्षा छ, सात र आठलाई परिभाषित गरिएको छ । यस पाठ्यक्रमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारणका क्रममा निबन्ध, प्रबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता व्याकरण र शब्दभण्डार जस्ता क्षेत्रलाई समेटेको छ । यसतहमा विद्यार्थीहरू स्तरअनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई लेख्न सक्षम हुन्छन् भन्ने अपेक्षा राखिनुबाट लेखाइ सिप विकासमा पाठ्यक्रमले उचित व्यवस्था गरेको पाइन्छ । जसबाट लेखाइ सिपको विकास अर्थात् लेखन क्षमताको विकास गराउन पाठ्यक्रमले महत्त्व दिएको स्पष्ट हुन्छ । यसै क्रममा कक्षा सातका विद्यार्थीहरूबाट लेखाइ सिप विकासका क्रममा विभन्नि विषयमा सिलसिला मिलाई प्रबन्ध एवम् विभिन्न प्रकृतिका निबन्ध लेख्न सक्ने अपेक्षा गरिनुबाट निबन्ध लेखनलाई पाठ्यक्रमले उच्च प्राथमिकता दिएको पाइन्छ । पाठ्यक्रमको विधागत वितरणलाई हेर्दा अन्य विधाका तुलनामा प्रवन्ध/निबन्ध विधाका क्षेत्रहरू बढी समावेश गरिएको देखिन्छ । सामाजिक, सांस्कृतिक, वैज्ञानिक, प्राकृतिक, कानूनी, व्यावसायिक, जीवनी क्षेत्रका निबन्धहरूलाई यस क्रममा समेटिएको छ । सिर्जनात्मक अभ्यासअन्तर्गत विभिन्न शीर्षकहरू दिएर विद्यार्थीहरूलाई निबन्ध लेखनप्रति  प्रोत्साहित गराउन खोजिएको पाइन्छ ।

विद्यालय तहमा निबन्ध/प्रबन्ध शिक्षाको प्रमुख उद्देश्य विद्यार्थीहरूमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको शिक्षणका क्रममा स्वतन्त्र तथा निर्देशित निबन्ध लेखनको अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, सस्वर पठन, शब्दोच्चारण अर्थ पहिचान, श्रुति लेखन, अनुलेखन आदिको उपयोग गर्नुपर्दछ भन्ने कुरा उक्त पाठ्यक्रममा उल्लेख गरिएको छ ।

पाठ्यक्रममा समाविष्ट नेपाली भाषा शिक्षणका उद्देश्यहरूमा लेखाइ सिपअन्तर्गतका सिपहरू बढी उल्लेख गरिनु र त्यसमा पनि लेखनसँग बढी सम्बन्धित रहनुले पनि उक्त कुराको पुष्टि गर्छ । यसैगरी सोही पाठ्यक्रममा आधारित भएर तयार पारिएका

पाठ्यपुस्तकहरूमा अलग्गै रूपमा सिर्जनात्मक अभ्यास उल्लेख गरी विविध विषयमा शीर्षक दिई निबन्ध लेखाउन खोजिएबाट उक्त पाठ्यक्रमले निबन्ध विधालाई उच्च स्थान दिएको देख्न सकिन्छ ।

## अध्याय - तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ परिचय

अनुसन्धान भनेको कुनै पनि विषयवस्तुका बारेमा सूक्ष्म रूपले खोजी गर्नु भन्ने हो । यो एउटा जटिल कार्य हो । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबभन्दा महत्त्वपूर्ण विषय हो । कुनै पनि अनुसन्धान अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूलाई पूर्वयोजनाको रूपमा व्यवस्थित गरिनु पर्दछ र मात्र अनुसन्धान कार्यमा कुनै किसिमको बाधा अड्चन आउँदैन । अध्यताले प्रस्तुत अध्ययनका लागि अपनाएका विधिहरूलाई यस अध्यायमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्यबाट नै स्पष्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्त्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास वाञ्छित ठानिएको छ । 'स्याङ्गजा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षक सोझै विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई नमूना सर्वेक्षण विधिबाट अगाडि बढाइएको छ । नमुना सर्वेक्षण भन्ने वित्तिकै यसको कार्य क्षेत्रीय विधि वा प्रयोगात्मक विधिमा आधारित रहन्छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमूना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्व कार्यान्वयन वा तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यिनै विविध सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको हो ।

## ३.२ जनसङ्ख्याको पहिचान

शैक्षिक सत्र २०७१।०७२ मा स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याको रूपमा लिईएको छ । तर अध्ययनको प्रयोजन, समय, लगानी, आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने तथा

आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कन क्षेत्र स्याङ्जा जिल्लाका सामुदायिक र संस्थागत दश वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्णतः प्रतिनिधित्व गरोस् र जनसङ्ख्याको गुण वा विशेषताहरू त्यस्ता नमुनामा समाहित हुन सकुन भन्ने अध्येताको दृष्टिकोण रहेको हुन्छ । हुन पनि कुनै अनुसन्धानमा त्यसको व्याख्या र विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट कसरी नमुनाको प्रतिनिधित्व गराइएको छ भन्ने कुरा नितान्त आवश्यक पक्ष हो । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सो उद्देश्य वर्ग छनोट विधि अपनाइएको छ । नमुना छनोट गर्ने क्रममा स्याङ्जा जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी दश विद्यालयका १०-१० जनाको दरले १०० जना विद्यार्थीहरू छनोट गरिएको छ । यसरी अध्ययनमा समाविष्ट कुल १०० छात्रछात्रा प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाको रूपमा कायम गरिएको छ ।

## ३.४ प्रश्नावली निर्माण

अनुसन्धान अध्ययनको प्रकृतिअनुसार प्रश्नावली निर्माण गरिनुपर्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीको लेखन कला परीक्षण गरी तथ्य सङ्कलन गर्नु पर्ने भएकाले सोही अनुरूपका प्रश्नावली निर्माण गर्न आवश्यक ठानियो । लेखन कलासँग सम्बन्धित निबन्ध लेखन जस्तो गहन विषयको लेखन विद्यार्थीहरूबाट गराउनु पर्ने हुँदा समसामयिक विषयहरूलाई शीर्षकका रूपमा प्रस्ताव गरियो । प्रस्तुत शीर्षकहरू अनुशासनको महत्व र मेरो देश चयन गरियो । तत्पश्चात् सम्बन्धित जनसङ्ख्यामा अध्येताले सोही शीर्षकमा निबन्ध लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक प्रश्नावली जुटाउने प्रयास गरियो ।

## ३.५ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोटगरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेख्न प्रेरित गरियो । नमुना जनसङ्ख्याका रूपमा चयन गरिएका विद्यालयबाट

सङ्कलित उत्तरपुस्तिकालाई विषयवस्तु, प्रस्तुतीकरण र भाषिक शुद्धता गरी तिन पक्षमा केन्द्रित रहेर प्रक्रियागत रूपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई उत्तर पुस्तिकाको सिरानमा अङ्कित गरियो ।

शैक्षिक सत्र २०७१।०७२ को समय सीमाभित्र प्रस्तुत अध्ययनको तथ्य सङ्कलन गरिएको  थियो । तथ्य सङ्कलनका लागि छनोट गरिएका प्रत्येक विद्यालयका १०-१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक सल्लाह दिईएको थियो । निर्धारित शीर्षक मध्ये कुनै एक शीर्षकमा बढीमा ३५ मिनेटको समय सीमाभित्र निबन्ध तयार गर्न निर्देशन दिदै विद्यार्थीहरूलाई निबन्ध लेख्न उत्प्रेरित गरिएको थियो ।

### ३.५.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका क्रममा सामग्री सङ्कलन गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्न र यथार्थपरक परिणाम दिने विषय जरुरी भएकाले प्राथमिक स्रोतका सामग्री निर्माण गरी अनुसन्धान गरिएको छ । प्राथमिक स्रोतका सामग्री निर्माण गर्ने क्रममा दुई वटा शीर्षक 'मेरो देश' र 'अनुशासनको महत्त्व' शीर्षक दिई विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाएर उपयुक्त ठहरिएको शीर्षकमा निबन्ध लेखाइ तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

प्रस्तुत अध्ययनका क्रममा सामग्री सङ्कलन गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्न र यथार्थपरक परिणाम दिने विषय जरुरी भएकाले द्वितीय स्रोतको सामग्री निर्माण गरी अनुसन्धान गरिएको छ । द्वितीय स्रोतका रूपमा पाठ्यसामग्री अघिल्ला वर्षका शोधपत्रहरू, सन्दर्भपुस्तकहरूको खोजी गरी अध्ययन गरिएको छ ।

## ३.६ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययनको शीर्षक लेखन कलासँग सम्बन्धित भएकाले यसको तथ्य सङ्कलनका क्रममा प्राप्त उत्तरपुस्तिकाहरूमा अङ्कित गरिएको प्राप्ताङ्कहरूलाई संस्थागत तथा लिङ्गगत समूहहरूमा वर्गीकरण गरी तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा कति प्रतिशत माथि र तल छन् भनेर गणना गरियो । विभिन्न

समूहहरूको क्षमता मापन गर्न प्रक्रिया अँगालिएको छ। समग्र तथा समूहगत रूपमा मानक विचलन निकाली तथ्य तथा विश्लेषणमा थप सरलता ल्याउने प्रयत्न गरिएको छ। यसरी नै प्राप्ताङ्क आधारमा उच्चतम स्थान, मध्यम स्थान र न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरूकाबिच निबन्ध लेखन क्षमताको स्थिति अवलोकन गरियो ।

# अध्याय - चार

# व्याख्या विश्लेषण

## ४. पृष्ठभूमि

प्रस्तुत अध्ययन 'कक्षा सातमा अध्ययनरत स्याङ्जा जिल्लाका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता' पहिल्याउने उद्देश्यले राखिएको छ । भाषिक सिप विकासका लागि पाठ्क्रमले विविध उद्देश्यहरू निर्धारण गरेको पाइन्छ । भाषाका चार वटा सिप मध्ये सुनाइ, बोलाइ र पढाइ सिपको विकासमा लेखाइ सिपले प्रत्यक्ष रूपमा मद्दत गर्दछ । लेखन कलाको विकासका लागि निबन्ध लेखनले प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ । निबन्ध लेखनको पर्याप्त विकास, विस्तार गर्न अध्यनीय तहका विद्यार्थीहरूको उक्त कार्य सम्बन्धी वास्तविकता पत्ता लगाउनु, उक्त विषयमा आफ्ना  विद्यार्थीका क्षमता, क्षमता पहिचान गरी अध्येताद्वारा उद्देश्य बमोजिम सर्वप्रथम पूर्व परीक्षण गरी त्यसको आधारमा प्रतिनिधि नमुना छनोट गरी अध्ययनलाई अगाडि बढाउने कोसिस गरिएको छ ।

निबन्ध लेखन भाषिक सिप विकासको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, सिप प्राप्त गर्ने उत्कृष्ट माध्यम हो ।  निरन्तर र नियमित रूपमा निबन्ध लेखनको अभ्यास गरिरहने हो भने जस्तोसुकै भाषिक कुशलता प्राप्त गर्दछ । लेखाइलाई उत्कृष्ट बनाउनका लागि यस अध्ययनका उद्देश्यहरू कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, लैङगिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति पहिल्याउनु र सामुदायीक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका  छन् ।

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि स्याङ्जा जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालय जसमा श्री जनज्योति उ.मा.वि. दामाचौर, श्री सत्यदेवी मा.वि. वेल्टारी, श्री गंगालाल उ.मा.वि. चापाकोट, श्री भगवती उ.मा.वि. मिर्मी, श्री विरेन्द्र उ.मा.वि. जैपते र संस्थागत विद्यालयमा श्री बुद्ध सामुदायिक बोर्डिङ स्कुल, चापाकोट, श्री काली गण्डकी भु.पु. सैनिक बोर्डिङ चापाकोट, श्री काली गण्डकी बोर्डिङ स्कुल, मिर्मी, श्री साँखर सामुदायिक बोर्डिङ स्कुल, साँखर, श्री गोल्डेन सुपरभिजन एकेडेमी दामाचौर गरी दश वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना छनोट गरिएको छ । अध्ययनका क्रममा

निबन्ध लेखनका लागि "अनुशासनको महत्व" शीर्षक चयन गरी निश्चित पुर्णाङ्क र समयमा निबन्ध लेख्न लगाइएको छ। परीक्षणलाई विश्वसनीय, स्तरीय, स्पष्ट र प्रभावकारी बनाउनका लागि शीर्षकसँग सम्बन्धित ज्ञानको स्तरीयता, मौलिकता, विषयवस्तुको संयोजन र भाषिक शुद्धतालाई आधार बनाइएको छ । अध्ययनमा परेका विद्यालय र विद्यार्थीको नामावली परिशिष्टमा राखिएको छ।

व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना, मध्यमान, मानक विचलन र टी परीक्षण जस्ता तथ्याङ्क शास्त्रीय विधिलाई अगाडि सारिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.१ समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता स्थिति

स्याङ्जा जिल्लाका पाँच सामुदायिक पाँच संस्थागत विद्यालयका जम्मा १०० जना विदयाथीहरुमा गरिएको निबन्ध लेखन क्षमताको अध्ययनलाई प्रतिशतका आधारमा विद्यार्थीको मूल्याङ्कन गरिएको छ । जसमा पाँच श्रेणी निर्धारण गरी विद्यार्थीको निबन्ध लेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । जसअनुसार स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. १**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतदेखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ७ | ७ | ३३ | ३३ | ३० | ३० | २० | २० | १० | १० |


उक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल विद्यार्थी सङ्ख्या १०० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार निबन्ध लेखन क्षमता ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीको सङ्ख्या ७ प्रतिशत

देखिन्छ । त्यसै गरी निबन्ध लेखन क्षमता ३५ प्रतिशतदेखि माथि र ४५ प्रतिशतभन्दा तल भएका विद्यार्थीहरूको सङ्ख्या ३३ प्रतिशत देखिन्छ । निबन्ध लेखन क्षमता ४५ प्रतिशत र ५५ प्रतिशतकाबिच भएका विद्यार्थीको सङ्ख्या ३० प्रतिशत देखिन्छ । निबन्ध लेखन क्षमता ५५ प्रतिशतदेखिमाथि र ६५ प्रतिशत भन्दा तल भएका विद्यार्थीहरूको सङ्ख्या २० प्रतिशत रहेको छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका रूपमा मापन गरिएको निबन्ध लेखन क्षमता ६५ प्रतिशत भन्दा माथि भएका विद्यार्थीहरूको सङ्ख्या ५ प्रतिशत मात्र रहेको छ ।

यसरी निम्नत्तम श्रेणीका रूपमा मापन गरिएको ३५ प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या (७ प्रतिशत) र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० (१०) प्रतिशत देखिनाले समग्रमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ । उक्त तथ्याङ्कअनुसार ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा कम अङ्क ल्याउन सफल विद्यार्थीहरूको सङ्ख्या अन्य प्रतिशताङ्क वर्गहरूको भन्दा बढी अर्थात् ३३ प्रतिशत देखिन्छ भने ६५ प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १० अर्थात् १० प्रतिशत देखिनुले विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :

**स्तम्भ चित्र नं.- १**



### ४.१.१ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीको निबन्ध लेखन क्षमताको स्थिति

**तालिका नं. २**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समुह | समुहगत सङ्ख्या | समग्र मध्यमान भन्दा माथि | | समग्र मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | विद्यालय सामुदायिक | ५० | २२ | ४४ | २८ | ५६ |
| | | | संस्थागत | ५० | २८ | ५६ | २२ | ४४ |
| | | | छात्र | ५० | १९ | ३८ | ३१ | ६२ |
| | | | छात्रा | ५० | ३१ | ६२ | १९ | ३८ |
| १०० | ४७.५५ | १४.१ | | | | | | |

प्रस्तुत तालिकामा जम्मा प्रतिनिधि जनसङ्ख्या १०० जनालाई लिईएको छ र यहाँ समग्र मध्यमान ४७.५५ लाई आधार बनाई विभिन्न समूहका विद्यार्थहिरूको निबन्ध लेखन क्षमताको स्थिति देखाईएको छ। यस अध्ययनमा विद्यालयको प्रकृतिको दृष्टिले सामुदायिक र संस्थागत तर्फका ५०/५० जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन् । समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ४४ प्रतिशत देखिन्छ समग्र मध्यमान भन्दा तल ५६ प्रतिशत देखिनाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता समग्रमा कमजोर देखिन्छ।

संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई समग्र मध्यमानको आधारमा हेर्दा निबन्ध लेखन क्षमता मध्यमानभन्दा माथि भएका ५६ प्रतिशत विद्यार्थी देखिनाले संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको पाइन्छ।

लैङ्गिक आधारमा हेर्दा छात्रतर्फ ५० र छात्रातर्फ ५० जना विद्यार्थीहरूरहेका छन् । समग्र मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि ६२ प्रतिशत छात्रा छन् । मध्यमान भन्दा तल ६२ छात्र रहेका छन् । जसले गर्दा छात्राहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ। लैङ्गिकताका आधारमा छात्रतर्फ ३८ प्रतिशत मध्यमानभन्दा माथि र ६२ प्रतिशत मध्यमान भन्दा तल रहनुले छात्रहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ।

## ४.२ विद्यालयको प्रकृतिका आधारमा निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृति आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई आधार बनाइएको छ । जस अर्न्तगत स्याङ्जा जिल्लाका पाँच सामुदायिक पाँच संस्थागत विद्यालयमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिकामा छुट्टाछुट्टै रूपमा गरिएको छ ।

### ४.२.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा स्याङ्जा जिल्लाका पाँच सामुदायिक विद्यायलयलाई नमुनाका रूपमा लिईएको छ । नमुनामा परेका पाँच वटा सामुदायिक विद्यायलका ५० जना कक्षा सातमा अध्ययनरत निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :


**तालिका नं. ३**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशत देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | १७ | ३४ | १५ | ३० | ९ | १८ | ४ | ८ |

उक्त तालिकामा स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क देखाईएको छ । जसमा नमुना जनसङ्ख्यामा ५० जना विद्यार्थी छनोट गरिएका छन् । प्रस्तुत अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको निबन्ध लेखन क्षमता ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीको सङ्ख्या ५ (१० प्रतिशत) देखिन्छ । ३५ देखि ४५ प्रतिशतको बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीको सख्या १७ (३४ प्रतिशत) देखिन्छ । त्यसै गरी ४५ देखि ५५ प्रतिशतका बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १५ (३० प्रतिशत) देखिन्छ । ५५ देखि ६५ प्रतिशतका बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ९(१८ प्रतिशत) छ । प्रस्तुत अध्ययनमा श्रेणी मापन गरिएको ६५ प्रतिशत देखि माथिको प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४ (८ प्रतिशत) मात्र देखिन्छ । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च नरहेको मान्न सकिन्छ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्ननन‌ुसार देखाइएको छ :

**स्तम्भ चित्र नं.- २**




## ४.२.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

**तालिका नं. ४**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४५.७ | १३.३४ | २२ | ४४ | २८ | ५६ |

प्रस्तुत तालिकामा मध्यमान ४५.७ र मानक विचलन १३.३४ रहेको छ । उक्त तालिकाअनुसार मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको ४४ प्रतिशत र मध्यमानभन्दा तल रहेकाहरूको ५६ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या भन्दा २८ प्रतिशतले बढी रहेकाले सामुदायिक विद्यालयमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ । मानक विचलनका आधारमा हेर्दा मानक विचलन

१३.३४ रहनाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ ।

### ४.२.३ संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा स्याङ्जा जिल्लाका पाँच संस्थागत विद्यायलयलाई नमुनाका रूपमा लिइएको छ । नमुनामा परेका पाँच वटा संस्थागत विद्यायलका ५० जना कक्षा सातमा अध्ययनरत निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :


**तालिका नं. ५**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २ | ४ | १६ | ३२ | १५ | ३० | ११ | २२ | ६ | १२ |

प्रस्तुत तालिकामा ३५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूदेखि लिएर ६५ प्रतिशतभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूलाई प्रतिशताङ्क श्रेणीमा निर्धारण गरिएको छ । उक्त तालिकामा ३५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत रहेको छ भने ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्ध लेखन भएका विद्यार्थीहरूको सङ्ख्या ३२ प्रतिशत देखिन्छ । यसै गरी ४५ प्रतिशतभन्दा माथि र ५५ प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या २२ प्रतिशत रहेको छ । ६५ प्रतिशतदेखि माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ । यस तथ्यले निबन्ध लेखन क्षमतामा स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता स्तरीय रहेको पाइन्छ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार देखाईएको छ :

**स्तम्भ चित्र नं.- ३**




### ४.२.४ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

**तालिका नं. ६**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४९.४ | १४.६ | २८ | ५६ | २२ | ४४ |

माथिको तालिकाअनुसार संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या ५० जनामध्ये ५६ प्रतिशत विद्यार्थीको निबन्ध लेखन लेखन क्षमता मध्यमानभन्दा माथि छ ४४ प्रतिशत विद्यार्थीको निबन्ध लेखन क्षमता मध्यमान भन्दा तल छ । सो तालिकामा मध्यमान ४९.४ छ । मध्यमानभन्दा तल ४४ प्रतिशत देखिएको छ । मध्यमान भन्दा माथि ५६ प्रतिशत देखिनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ४.२.५ विद्यालयको प्रकृतिका बिच निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिका बिच निबन्ध लेखन क्षमताका आधारमा विद्यार्थीहरूका बिच के-कति अन्तर छ भन्ने तुलनात्मक अध्ययन

गरिएको छ । तुलनात्मक विश्लेषणलाई पूर्णतः वस्तुगत आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखी प्रतिशत गणना र स्तम्भ चित्रमा देखाइएको छ :

**तालिका नं. ७**

| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | टी मान |
|---|---|---|---|---|
| सामुदायिक | ५० | ४५.७ | १३.३४ | १.७९ |
| संस्थागत | ५० | ४९.४ | १४.६४ | |


प्रस्तुत तालिकामा सामुदायिक विद्यालयतर्फ ५० र संस्थागत विद्यालयतर्फ ५० जना विद्यार्थीहरू प्रतिनिधि जनसङ्ख्याका रूपमा छन् । सामुदायिक विद्यालयतर्फको मध्यमान ४५.७ र संस्थागत विद्यालय तर्फको मध्यमान ४९.४ रहेको छ । मानक विचलन सामुदायिक र संस्थागत विद्यालयको १३.३४ र १४.६४ रहेको छ यि दुबै समूहबिच तुलना गर्दा टी मान १.७९ रहेको देखिन्छ । जसलाई समूहगत रूपमा केलाउँदा १.७९ सार्थकताको तहमा 'टी' को मान हेर्दा यी दुई समूहको निबन्ध लेखन क्षमतामा सार्थक अन्तर रहेको तथ्याङ्कले देखाउँदछ । यसरी सामुदायिक विद्यालय र सस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निवन्ध लेखन क्षमतामा सार्थक अन्तर छ भन्ने स्पष्ट हुन्छ ।

यहाँ सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमानभन्दा संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान ३.७ ले बढी छ । यसबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको भन्न सकिन्छ ।

त्यसै गरी मानक विचलनलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन १.३ ले कम देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन १.३ ले बढी देखिन्छ । यसबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समुहगत मानक विचलन संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मानक विचलनभन्दा कम देखिन्छ । संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मानक विचलन सामुदायिक विद्यालयका विद्यार्थीहरूको बढी विचलित मध्यमान र मानक विचलनका आधारमा यी दुई समूहहरूको क्षमताबिच सार्थक अन्तर रहेको स्पष्ट हुन्छ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :

**स्तम्भ चित्र नं. ४**




यसरी सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा सार्थक अन्तर छ भन्ने स्पष्ट हुन्छ ।

### ४.३ लैङ्गिक आधारमा निबन्ध लेखन क्षमताको स्थिति

स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्न लैङ्गिकताको आधारमा विद्यार्थीहरूलाई विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताका दृष्टिकोणले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति तल छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको छ ।

#### ४.३.१ छात्रहरूको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन स्याङ्जा जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० जना कक्षा सातमा अध्ययनरत छात्रहरू छनोटमा परेका छन् ।

छनोटमा परेका कक्षा सातका छात्रहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको देखिन्छ :


**तालिका नं. ८**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | २१ | ४२ | ११ | २२ | ९ | १८ | ४ | ८ |

प्रस्तुत तालिकामा नमुना प्रतिनिधि जनसङ्ख्याका रूपमा ५० जना छात्रहरूलाई चयन गरिएको छ । यहाँ निबन्ध लेखन क्षमता ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीको सङ्ख्या ५ (१० प्रतिशत) रहेको छ। ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल रहेका विद्यार्थीको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको छ। भने ४५ प्रतिशतभन्दा माथि ५५ प्रतिशत भन्दा तल रहेका विद्यार्थीको सङ्ख्या ११ (२२ प्रतिशत) रहेको छ । त्यसै गरी ५५ प्रतिशतभन्दा माथि र ६४ प्रतिशतसम्मका विद्यार्थीको सङ्ख्या ९(१८ प्रतिशत) रहेको छ । त्यसै गरी उच्चतम श्रेणी मापन गरिएको निबन्ध लेखन क्षमता ६५ प्रतिशत देखि माथि भएका विद्यार्थीरूको सङ्ख्या ४ (८ प्रतिशत) अन्य श्रेणीभन्दा कम रहेकाले स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रहरूको निबन्ध लेखन क्षमता कमजोर पाइयो ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :

**स्तम्भ चित्र नं.- ५**




### ४.३.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निबन्ध लेखनक्षमताको स्थिति

**तालिका नं. ९**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४५.५ | १३.७ | १९ | ३८ | ३१ | ६२ |

प्रस्तुत तालिकामा मध्यमान ४५.५ र मानक विचलन प्रतिनिधि नमुनाको जम्माजम्मी सङ्ख्या ५० छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथिको सङ्ख्या १९(३८ प्रतिशत) र मध्यमानभन्दा तलको सङ्ख्या ३१(६२ प्रतिशत) रहेको पाइन्छ । यस तालिकामा निबन्ध लेखन क्षमता मध्यमानभन्दा तल भएका विद्यार्थीको प्रतिशतभन्दा माथि भएका विद्यार्थीको २४ प्रतिशतले कमी देखिनुले छात्रहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको पाइन्छ ।

### ४.३.३ छात्राहरूको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन स्याङ्जा जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ४९ जना कक्षा सातमा अध्ययनरत छात्राहरू छनोटमा परेका छन् ।

छनोटमा परेका कक्षा सातका छात्राहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको देखिन्छ :

**तालिका नं. १०**


| कुल विद्यार्थी | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २ | ४ | १२ | २४ | १९ | ३८ | ११ | २२ | ६ | १२ |

माथिको तालिकामा प्रतिनिधि जनसङ्ख्याका रूपमा ५० जना छात्राहरूलाई चयन गरेको देखिन्छ । यहाँ ३५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २ र (४ प्रतिशत) देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ (२४ प्रतिशत) अङ्कन गरिएको छ । त्यसै गरी ४५ प्रतिशतभन्दा माथि र ५५ प्रतिशतभन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ ( ३८) प्रतिशत अङ्कन गरिएको छ । त्यसै गरी ५५ प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ (२२ प्रतिशत) रहेको पाइन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणी मापन गरिएको निबन्ध लेखन क्षमता ६५ प्रतिशतभन्दा माथि भएका विद्यार्थीको सङ्ख्या ६ (१२ प्रतिशत)

रहेको छ । उपयुक्त तथ्यले स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत छात्राहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखाउँछ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :

**स्तम्भ चित्र नं.- ६**




## ४.३.४ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निबन्ध लेखन क्षमताको स्थिति

**तालिका नं. ११**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४९.६ | १४ | ३१ | ६२ | १९ | ३८ |

प्रस्तुत तालिकामा मध्यमान ४९.६ छ । प्रतिनिधि नमुनाको जम्मा सङ्ख्या ५० छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ३१ (६२ प्रतिशत) र मध्यमानभन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ (६२ प्रतिशत) रहेको पाईन्छ । मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६२ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल रहेका विद्यार्थीको सङ्ख्या भन्दा मध्यमानभन्दा माथि रहेका विद्यार्थीको सङ्ख्या बढी देखिनुले कक्षा सातमा अध्ययनरत छात्राहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको छ ।

### ४.३.५ लैङ्गिक आधारमा निबन्ध लेखन क्षमताको तुलना

स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्न लैङ्गिकताको आधारमा विद्यार्थीहरूलाई विभाजन गरी तुलनात्मक अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताका दृष्टिकोणले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**


| समुह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | टी मान |
|---|---|---|---|---|
| छात्र | ५० | ४५.५ | १३ | २.३२ |
| छात्रा | ५० | ४९.६ | १४ | |

माथिको तालिकामा ५० जना छात्र र ५० जना छात्राहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ । छात्र र छात्राको समूह मध्यमान क्रमशः ४५.५ र ४९.६ छ । समूहगत रूपमा मानक विचलन छात्रातर्फ १४ र छात्रतर्फ १३ छ । लैङ्गिक आधारमा छात्र र छात्राहरूको तालिकामा टी को मान २.३२ छ । यसरी दुई समूहको अन्तरलाई वस्तुगत रूपमा पहिचान गर्न २.३२ सार्थकताको तहमा 'टी' को मान हेर्दा यी समूहको निबन्ध लेखन क्षमतामा सार्थक अन्तर रहेको पाइन्छ ।

प्रस्तुत तालिकालाई हेर्दा छात्रा समूहलाई मध्यमान छात्र समूहको मध्यमानभन्दा ६.३ ले बढी देखिन्छ । यसै गरी समूहगत मानक विचलनलाई हेर्दा छात्रा समुहको मानक विचलन छात्र समूहको मानक विचलनभन्दा छात्रा समूहको मानक विचलन १ ले बढी छ यसको अर्थ छात्र समूहभन्दा छात्रा समूहका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता बढी विचलित भएको पाइन्छ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्ननसार देखाइएको छ :

**स्तम्भ चित्र नं.- ७**




तालिकामा हेर्दा मध्यमानका आधारमा छात्र समूह भन्दा छात्रा समूहको क्षमता उच्च छ । त्यसै गरी मानक विचलनको आधारमा छात्र समूहभन्दा छात्रा समूहको मानक विचलन बढी विचलित देखिन्छ । यी दुई समूहबिच क्षमतागत अन्तर स्पष्टै देखिन्छ । यसरी दुई समूहको अन्तरलाई पहिचान गर्न सार्थकताको तहमा टी को मान हेर्दा यी दुई समूहको निबन्ध लेखन क्षमतामा सार्थक अन्तर रहेको पाइन्छ ।

# अध्याय - पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

प्रस्तुत अध्ययनमा 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता' सम्बन्धी विश्लेषण गर्न १०० जना प्रतिनिधि जनसङ्ख्याको छनोट गरिएको छ । जसमा ५० जना सामुदायिक विद्यालयतर्फ र ५० जना संस्थागत विद्यालयतर्फ छात्र छात्राहरूको प्रतिशताङ्क स्थिति, मध्यमान र मानक विचलनका आधारमा निबन्ध लेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । विश्लेषण पाँच श्रेणीका आधारमा बहुसङ्ख्यक विद्यार्थीहरू ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल क्षमता भएका पाइएका छन् ।

यस अनुसन्धान अध्ययनमा शीर्षक परिचय, विषय वस्तुको सङ्योजन, प्रस्तुतीकरण, भाषिक शुद्धता र निष्कर्ष जस्ता आधारहरू लिई निबन्धित उत्तरपुस्तिकालाई अङ्कन गरिएको छ । यिनै आधारमा आधारित रही सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको छ ।

लैङ्गिकताको आधारमा हेर्दा छात्र समूहका विद्यार्थीकोभन्दा छात्रा समूहका विद्यार्थीहरूमा विषय वस्तुको ज्ञान, प्रस्तुतीकरण र भाषिक शुद्धताको स्थिति उच्च पाइन्छ ।

प्रस्तुत अध्ययनमा प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूबिच निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च देखिएको छ भने छात्रका तुलनामा छात्राहरूको निबन्ध लेखन क्षमता राम्रो देखिएको छ ।

प्रस्तुत अध्ययनमा स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमतासम्बन्धी विश्लेषण गर्न १०० जना प्रतिनिधि जनसङ्ख्या छनोट गरिएको छ ।

जसमा ५० सामुदायिक विद्यालयतर्फ र ५० संस्थागत विद्यालयतर्फ छात्रछात्राहरूको प्रतिशताङ्क स्थिति, मध्यमान र मानक विचलनका आधारमा निबन्ध लेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा धेरै विद्यार्थीहरू ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्ध लेखन क्षमता भएको पाइयो । यसरी ४० प्रतिशतकै हाराहारीमा अधिकांश विद्यार्थीहरूको प्राप्ताङ्क रहेबाट निम्नमाध्यमिक तहमा अध्ययन अध्यापन गराइने साहित्यिक विधा निबन्धसम्बन्धी लेखनका प्रक्रियागत ढाँचाहरूमा विद्यार्थीहरू स्पष्ट हुन नसकेको देखिन्छ । अध्ययन अध्यापनको क्रममा विद्यालयहरूमा निबन्धसम्बन्धी धारणात्मक ज्ञानको विकास गराएता पनि विद्यार्थीहरूमा विषयवस्तुको प्रस्तुतीकरणसम्बन्धी सिप र धारणाको विकास हुन नसकेको पाइन्छ । अनुच्छेद गठन, विषयवस्तुको क्रमबद्धता, आदिमा मध्य र अन्त्यको सङ्गठनात्मक ढाँचा निबन्धको केन्द्रीय पक्ष हुन् । तर यसतर्फ विद्यार्थीहरूमा ज्ञान नभएको प्रस्तुत अध्ययनले देखाएको छ ।

प्रस्तुत अनुसन्धान अध्ययनमा उत्तरपुस्तिकालाई अङ्कन गर्दा विषयवस्तुको सङ्योजन, प्रस्तुतीकरण, शब्दभण्डार र भाषिक शुद्धता जस्ता आधारहरू अवलम्बन गरिएको छ । यिनै आधारहरूमा आधारित रही सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन गरिएको छ ।संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च देखिएको छ ।

त्यसै गरी छात्र समूहको निबन्ध लेखन क्षमता र छात्रा समूहको निबन्ध लेखन क्षमता तुलना गर्दा छात्र समूहको निबन्ध लेखन क्षमता छात्रा समूहको निबन्ध लेखन क्षमताभन्दा कमजोर देखिन्छ ।

कुनै पनि विषयमा केन्द्रित भएर स्वतन्त्र ढङ्गले लेखिने गद्यात्मक अभिव्यक्ति नै निबन्ध हो । आत्मपरक र वस्तुपरक दुई किसिमले निबन्ध लेख्न सकिन्छ । विद्यार्थीहरूलाई भाषिक व्यवहारमा सक्षम बनाउन तथा भाषाका चार वटै सिप विकास गराउन निबन्ध लेखन र निबन्ध शिक्षण दुवै पक्षमा विशेष ध्यान दिनु पर्छ । निम्नमाध्यमिक पाठ्यक्रमले पनि यसलाई विशेष ध्यान दिएको देखिन्छ ।

निबन्ध लेखन क्षमतालाई बढावा दिदै नेपाली विषयका पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासअन्तर्गत निबन्ध लेखनलाई प्रेरित गरेको पाइन्छ । निबन्ध लेखनबाट विद्यार्थीहरूमा नेपाली भाषाको मानक तथा स्तरीय रूपमा लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ ।

विद्यालय तहमा लेखाइ शिक्षणलाई शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण अङ्गका रूपमा लिईन्छ । अन्य शैक्षणिक क्रियाकलापका अतिरिक्त लेखन कलामा विद्यार्थीहरूलाई दक्ष बनाउन, सिर्जनात्मक क्षमताको विकास गराउन निबन्ध लेखन तथा शिक्षणको अधिक भूमिका रहेको देखिन्छ ।

## ५.२ निष्कर्ष

स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययनबाट निष्कर्ष निकालिएको छ :

१. समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ३३ प्रतिशत विद्यार्थीले मात्र ३५ प्रतिशतभन्दा माथि निबन्ध लेखन क्षमता मापन गराउन सफल देखिनुले स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

२. सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति गणना गर्दा ५५ प्रतिशत भन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीको संस्था (२० प्रतिशत) भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिँदैन ।

३. समूहगत मध्यमानका आधारमा सामुदायिक विद्यालय समुहका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक पाइदैन । समग्र मध्यमानभन्दा माथिका तुलनामा तल १२ प्रतिशतले विद्यार्थीको सङ्ख्या बढी देखिनु यस कुराको पुष्टि हुन्छ ।

४. संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५५ प्रतिशतभन्दा माथि २२ प्रतिशत देखिनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको पाइन्छ ।

५. समूहगत मध्यमानका आधारमा संस्थागत विद्यालय समूहका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्दा सन्तोषजनक पाइन्छ । समग्र मध्यमानभन्दा माथि ५६ र तल ४४ प्रतिशत देखिनुले यस कुराको पुष्टि हुन्छ ।

६. छात्राहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५५ प्रतिशतभन्दा माथि २२ प्रतिशत देखिनुले छात्राहरूको निबन्ध लेखन क्षमताको स्तर उच्च रहेको मान्न सकिन्छ ।

७. समग्र मध्यमानभन्दा माथि ६२ प्रतिशत छात्रा विद्यार्थीले मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमताको मापन गराउनाले छात्राहरूको स्तर उच्च रहेको मान्न सकिन्छ ।

८. निबन्ध लेखन क्षमतालाई लिएर प्रतिशताङ्क गणना गर्दा ५५ प्रतिशतभन्दा माथि १८ प्रतिशत विद्यार्थी रहनुले छात्रहरूको निबन्ध लेखन क्षमता कमजोर मान्न सकिन्छ ।

९. छात्रहरूको समग्र क्षमतालाई मध्यमानका आधारमा अध्ययन गर्दा सन्तोषजनक देखिँदैन ३८ प्रतिशत छात्राहरूले मात्र मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता मापन गराउनाले यस कुराको पुष्टि हुन्छ ।

## ५.३ उपयोगिता

### ५.३.१ नीतिगत तह

निबन्ध लेखन क्षमताको अभिवृद्धिको लागि विभिन्न नीतिहरू निर्माण गर्न आवश्यक देखिन्छ । यसका लागि शिक्षक, अभिभावक तथा सामुदायिक स्तरबाट नै उपायको खोजी गर्नुपर्छ । सर्वप्रथम दक्ष तथा विषय विशेषज्ञ, शिक्षकहरू, सामुदायिक विद्यालयमा नियुक्ति गर्नुपर्दछ र उनीहरूलाई आफ्नो विषयको समय सान्दर्भिकता अनुसार तालिमको व्यवस्था गर्नुपर्दछ । उक्त तालिम लिएका शिक्षकहरूलाई निश्चित अवधिमा विद्यालयमा उपस्थित गराएर अनिवार्य पठाउनुपर्ने व्यवस्था गर्न सके विद्यार्थीहरूमा निबन्ध लेखन क्षमताको विकास हुन जान्छ । त्यसै गरी अभिभावकहरूले पनि आफ्ना सन्ततीमाथि के-कस्तो अध्ययन अध्यापन भइरहेको छ ? यसलाई हेरविचार गर्न वा चासो राख्न पर्दछ ।

नेपाल सरकारले शिक्षा नीति माथि सैद्धान्तिक रूपमा मात्र नभएर व्यवहारिक र जीवन उपयोगी हुने पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्थापन गर्न सक्नुपर्छ । त्यसमा प्रयोग भएका सृजनात्मक पक्षमा विद्यार्थीहरूले हेर्न र अनुभव गर्न सक्ने विषयवस्तुलाई निबन्ध विधामा अग्रसर गराउन सकेमा शिक्षार्थी र विद्यार्थीमा सृजनात्मक क्षमता लेखन शैलीको

परिष्कार, आत्मविश्वास आदि पक्षहरूको अभिवृद्धि हुन जान्छ । यसका लागि स्वयंम् शिक्षक, विद्यार्थी अभिभावक विद्यालय र शिक्षा नीति आदि पक्षको तालमेल हुनुपर्दछ ।

### ५.३.२ प्रयोगात्मक तह

यस अध्ययनबाट विद्यालय शिक्षक, अभिभावक तथा विद्यार्थीले निबन्ध लेखनका क्रममा आइपर्ने समस्याको समाधान गर्न सकिने कुराको जानकारी हुन्छ । यसको प्रयोग क्षेत्र सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पौराणिक, सामाजिक आदि पक्ष हुन सक्छन् । यसका अलावा विज्ञान र प्रविधिले अवलम्बन गरेका विभिन्न विकासका स्वरूपहरू पनि प्रयोगमा ल्याउन सकिन्छ । त्यसै गरी विद्यार्थी स्वयम्ले देखेको कुनै कुराको रोग आकृति, प्रकार, फाइदा, बेफाइदा जस्ता देखिने र नदेखिने कुनै पनि वस्तुको वर्णन गर्न सक्ने क्षमताले पनि यसको प्रयोग गर्दै जान्छ । अमूर्त र सहज विषयको वर्णन पनि यसमा गर्न सकिन्छ । आफूले सोचेका विषयमा निबन्ध लेखन सिप बढाउन आफूभन्दा अग्रज र साथीभाइको मद्दत लिन पनि सकिन्छ । निबन्धलाई बढी शास्त्रीय बनाउन खोज्दा पनि विद्यार्थीहरूको प्रयोग क्षेत्र अलमलिएको दखिन्छ । त्यसैले निबन्धलाई भाषिक अभिव्यक्तिको सहज खेल बनाउन उत्प्रेरित गर्न सके विद्यार्थीहरूको क्षमता वृद्धि हुन सक्छ । यस अध्ययनको शैक्षिक उपयोगिता निम्नानुसार रहेका छन् :

१. प्रस्तुत अध्ययनबाट निम्नमाध्यमिक तहमा नेपाली भाषा पाठ्यक्रम निर्माण परिष्कार र परिमार्जन गर्न सहयोग मिल्ने छ ।

२. निम्नमाध्यमिक तहमा निबन्ध लेखन शिक्षणको बोध गराउने छ ।

३. भाषा पाठ्यपुस्तक निर्माण गर्दा समाविष्ट गरिने भाषिक सिपहरू विद्यार्थीको क्षेत्र लिङ्ग, भाषिक पृष्ठभूमि र उमेर आदि कुरालाई मध्यनजर गरी समावेश गर्नु पर्दछ भन्ने कुराप्रति सचेत र सजग बनाउने छ ।

४. यस अध्ययनले लेखाइ सिपको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउने छ ।

५. विद्यार्थीहरूको मनोविज्ञानलाई ध्यानमा राखी उनीहरूको रुचि र स्तरअनुसारका पाठ्यपुस्तक निर्माण गर्नु पर्दछ भन्ने कुरामा सहयोग मिल्ने छ ।

६. भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा सिर्जनात्मक अभ्यासको उपयुक्तताको महत्त्व दर्साउने छ ।

७. यस अध्ययनले भाषा शिक्षणसँग विधि तथा पद्धतिमा थप अनुसन्धान गर्ने आधार दिने छ ।

८. भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग तथा प्रेरित गर्ने छ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५३), **समसामयिक नेपाली व्याकरण,** (ते.सं.) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधव प्रसाद र राम प्रसाद गौतम (२०६५), **नेपाली भाषा र साहित्य शिक्षण**, दीक्षान्त पुस्तक भण्डार, कीर्तिपुर ।

उपाध्याय, केशव प्रसाद (२०५८), **साहित्य प्रकाश**, काठमाडौं : साझा प्रकाशन ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, कीर्तिपुर ।

गौतम, राम प्रसाद र खेम कोइराला बन्धु (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, कीर्तिपुर ।

गौतम, टीकाप्रसाद (२०६८), **सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

घिमिरे, तुल्सीराम (२०६६), **काठमाडौं जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शोधपत्र, ने.भा.शि.वि., त्रि. वि., कीर्तिपुर ।

चापागाइँ, सुरेन्द्र (२०६६), **कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शोधपत्र, ने.भा.शि.वि., त्रि. वि., कीर्तिपुर ।

ज.ब.रा. स्वयम प्रकाश र अन्य (२०६४), **शिक्षामा मापन र मूल्याङ्कन** ,काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६३), **सामान्य भाषा विज्ञान**, (दो.सं.), शुभकामना बुक्स एण्ड स्टेशनरी ।

ढुंगेल, भोजराज र दुर्गा प्रसाद दाहाल (२०६१), **भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स भोटाहिटी ।

दुलाल, दिनानाथ (२०६८), रामेछाप जिल्लाका सामुदायिक विद्यालयमा कक्षा दशमा अध्ययनरत **विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

दौल्याल, रणबहादुर (२०६४), **कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, शोधपत्र ने.भा.शि.वि.,त्रि.वि., कीर्तिपुर ।

धमला, थर्कप्रसाद (२०६८), **ललितपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, शोधपत्र ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

निरौला, दिपक बाबु (२०६२), **कक्षा ९ पुरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, शोधपत्र ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

पाठ्क्रम विकास केन्द्र (२०६४), **माध्यमिक नेपाली पाठ्यक्रम**, सानोठिमी, भक्तपुर ।

पाठ्क्रम विकास केन्द्र (२०६१), **माध्यमिक तहको विशिष्टीकरण तालिका**, सानोठिमी, भक्तपुर ।

पाण्डेय, दिपक (२०६८), **उच्च मा.वि. कक्षा (१२) अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, शोधपत्र ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

पोखरेल, बालकृष्ण र अन्य संस्था (२०५५), **नेपाली बृहत शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र. ।

भण्डारी, द्वारिका (२०६३), **कक्षा ८ पुरागरेका विद्यार्थीहरुको निबन्ध लेखा अभिव्यक्ति क्षमताको अध्ययन,** शोधपत्र, ने.भा.शि.वि., त्रि. वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग**, काठमाडौं : शुभकामना बुक्स स्टेशनरी, ताहाचाल ।

रोकाया, मानबहादुर, (२०६५), **कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, शोधपत्र ने.भा.शि.वि., त्रि. वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), **नेपाली भाषा शिक्षण**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदार प्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सम्प्रेषण पत्रिका परिवार सम्प्रेषण, **अङ्क ३,४,५,६** नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, राजेन्द्र (२०५८), **स्नातकोत्तर, नेपाली निबन्ध**, (ते.सं.), काठमाडौं : पाठ्य सामग्री पसल ।

## परिशिष्ट १

### निवन्ध लेखनमा उपयोग गरिएका शिर्षकहरु

१. अनुशासनको महत्त्व

२. मेरो देश

निवन्धको उत्तरपुस्तिका जाँच गर्न निर्माण गरिएको मूल्याङ्कन तालिका

| विषयवस्तु विचको तालमेल | प्रस्तुतीकरण | शब्दभण्डारको सार्थक प्रयोग | भाषिक शुद्धता | जम्मा |
|---|---|---|---|---|
| ४ | ३ | २ | १ | १० |
| शिर्षकसँग सम्बन्धित ज्ञानको प्रस्तुति स्तरीयता र मौलिकता | आदि, मध्य र अन्त्यको अनुक्रम निवन्धात्मक स्वरुप | उखान टुक्का पारिभाषिक शब्द विपरीतार्थी सङ्क्षिप्त रुप | वाक्य गठन, हिज्जे चिह्नको प्रयोग वर्णविन्यास तथा मानक भाषाको प्रयोग | |

## परिशिष्ट २

### अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रूपमाछनोट गरिएका सामुदायिक विद्यालय र विद्यार्थीहरुको नामावली

श्री भगवती नमुना उच्च माध्यमिक विद्यालय, मिर्मी

| क्र. स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | किरण भट्टराई | ६ | ६० | पूजा भट्टराई | ४.५ | ४५ |
| २ | लोकौरा थापा | ४ | ४० | ममता पाण्डेय | ५ | ५० |
| ३ | मनिष गाहा | ४ | ४० | मनिषा भट्टराई | ५.५ | ५५ |
| ४ | मनोज जि. टि. | ४.५ | ४५ | सविना राणा | ५.५ | ५५ |
| ५ | संगम न्यौपाने | ५.५ | ५५ | निशा थापा | ४ | ४० |

श्री गंगालाल उच्च माध्यमिक विद्यालय, चापाकोट

| क्र. स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | रोशन वि क | २.५ | २५ | सुनिता नेपाली | २ | २० |
| २ | अशोक वस्याल | ५ | ५० | विनिता कुमाल | ५ | ५० |
| ३ | विक्रम डोटेल | ४.५ | ४५ | रक्षा नेपाली | ४ | ४० |
| ४ | सुजन नेपाली | ४.५ | ४५ | अस्मिता भण्डारी | ४.५ | ४५ |
| ५ | सुमन कुमाल | २.५ | २५ | अञ्जली रेग्मी | ५ | ५० |

श्री विरेन्द्र उच्च माध्यमिक विद्यालय, जैपते

| क्र. स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कृष्णा न्यौपाने | ६.५ | ६५ | भावना न्यौपाने | ५.५ | ५५ |
| २ | समिर न्यौपाने | ७.५ | ७५ | अनिता न्यौपाने | ७ | ७० |
| ३ | कुशल पाण्डेय | ६.५ | ६५ | श्वेता न्यौपाने | ४ | ४० |
| ४ | पुञ्जल राणा | ३.५ | ३५ | स्वस्तिका न्यौपाने | ४ | ४० |
| ५ | चिरञ्जिवी वस्याल | ४ | ४० | दिप्ती न्यौपाने | ४.५ | ४५ |

श्री जनहित उच्च माध्यमिक विद्यालय, दामाचौर

| क्र. स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | माधव भट्टराई | ३.५ | ३५ | प्रतिक्षा गैरे | ४ | ४० |
| २ | शिव कोइराला | ३.५ | ३५ | सुस्मिता भण्डारी | ५ | ५० |
| ३ | कृष्ण क्षेत्री | ४ | ४० | लक्ष्मी ढकाल | ४ | ४० |
| ४ | तेजप्रसाद कुमाल | ३.५ | ३५ | नम्रता श्रेष्ठ | ६ | ६० |
| ५ | गोविन्द मानन्धर | २.५ | २५ | विपना श्रेष्ठ | ५ | ५० |

श्री सत्यदेवी माध्यमिक विद्यालय, बेल्टारी

| क्र.स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | रेशम न्यौपाने | ३.५ | ३५ | सीता न्यौपाने | ५ | ५० |
| २ | प्रसित अर्याल | ६ | ६० | कविता न्यौपाने | ५ | ५० |
| ३ | सुमित अर्याल | ४ | ४० | सुविक्षा न्यौपाने | ६ | ६० |
| ४ | मनिष न्यौपाने | ५ | ५० | सविना भट्टराई | ४ | ४० |
| ५ | विशाल न्यौपाने | ५.५ | ५५ | | | |
| ६ | दिपक न्यौपाने | २.५ | २५ | | | |

# परिशिष्ट ३

## अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रूपमाछनोट गरिएका संस्थागत विद्यालय र विद्यार्थीहरुको नामावली

श्री भू.पु. सैनिक बोर्डिङ् स्कुल, चापाकोट

| क्र. स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | समिर शाही | ४ | ४० | सगुना थापा | ६.५ | ६५ |
| २ | सन्देश कुमाल | ४ | ४० | विपना श्रेष्ठ | ७ | ७० |
| ३ | अनिल कुमाल | ४ | ४० | नम्रता श्रेष्ठ | ६.५ | ६५ |
| ४ | समिर सारु | ४ | ४० | साजना शाही | ५ | ५० |
| ५ | रजन श्रेष्ठ | ६ | ६० | सृष्टि खाँड | ६ | ६० |

श्री बुद्ध सामुदायिक बोर्डिङ् स्कुल, चापाकोट

| क्र. स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | आदर्श कँडेल | ५ | ५० | कृति भट्टराई | ६.५ | ६५ |
| २ | प्रकाह भट्टराई | ६ | ६० | प्रेरणा भट्टराई | ५ | ५० |
| ३ | सुवोध गैरे | ७.५ | ७५ | सलिना कुमाल | ५.५ | ५५ |
| ४ | विनोद बस्याल | ४ | ४० | मिरा न्यौपाने | ७.५ | ७५ |
| ५ | बिपिन भण्डारी | ५.५ | ५५ | मोनिका चापागाँइ | ५ | ५० |

श्री गोल्डेन सुपरभिजन एकेडेमी, दामाचौर

| क्र.स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सन्देश भुसाल | ४ | ४० | सञ्जना जि.टी. | ४ | ४० |
| २ | सनिस चौधरी | ३.५ | ३५ | अस्मिता बि.क. | ६ | ६० |
| ३ | सुजन श्रेष्ठ | ३ | ३० | पुष्पा परियार | ६ | ६० |
| ४ | सुरज बि.क. | ४ | ४० | शोभा भुसाल | ६ | ६० |
| ५ | सुजन अधिकारी | ४ | ४० | सुमिक्षा परियार | ४ | ४० |

श्री काली गण्डकी पब्लिक सेकेन्डरी स्कुल, मिर्मी

| क्र.स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सुलभ थापा | ४ | ४० | दिक्षा न्यौपाने | ५ | ५० |
| २ | प्रशान्त पाण्डेय | ५ | ५० | सुमिक्षा थापा | ५ | ५० |
| ३ | निश्चल न्यौपाने | ६ | ६० | वर्षा भट्टराई | ५.५ | ५५ |
| ४ | प्रज्वल भट्टराई | ५ | ५० | सीमा अधिकारी | ४.५ | ४५ |
| ५ | सुजन अधिकारी | ५ | ५० | ममता राना | ५ | ५० |

श्री साँखर सामुदायिक बोर्डिङ् स्कुल, साँखर

| क्र. स. | विद्यार्थीको नाम (छात्र) | प्राप्ताङ्क | प्रतिशत | छात्रा | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विनोद गौडेल | ४.५ | ४५ | निमिता पाण्डेय | ३.५ | ३५ |
| २ | दिलिप कुमाल | ४.५ | ४५ | गमिसरा सिंजापति | ३.५ | ३५ |
| ३ | सुमन श्रेष्ठ | ३ | ३० | सृष्टि के.सी. | ४.५ | ४५ |
| ४ | सुन्दर के.सी. | ४ | ४० | अनिता श्रेष्ठ | ३.५ | ३५ |
| ५ | सरज खनाल | ६ | ६० | सपना नेपाली | ५ | ५० |